# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १६ चैत २०७९
# बिहीवार
# बैठक सङ्ख्या- १४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०१ बजे प्रारम्भ भयो ।

**(११:०३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समयमा निर्धारण गरेको छु । माननीय जगप्रसाद शर्मा ।

**(११:०३ बजे)** **<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू सामान्तवादको अवशेषको रूपमा रहेको शोषण सुतखोरको नयाँ रूप मिटर ब्याजको रूपमा आएको नयाँ समस्यालाई हल गर्न ऐन कानुन बनाउने सरकारको निर्णय स्वागतयोग्य छ । तर तत्काल समस्या समाधान गर्नको लागि सरकारले पीडितहरूसँग वार्ता संवाद गरी तत्काल समस्या समाधान गर्न हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तारामान स्वांर ।

(११:०४ बजे) **माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यही कार्तिक २२ गतेदेखि सुदूरपश्चिममा निरन्तर भूकम्प गइरहेको छ । कैयौंका ज्यान जानुका साथै घरहरू चर्किएर, भत्किएर बस्न लायकको अवस्थामा छैनन् । त्यहाँका नागरिकहरू डर र त्रसमा बाँचिरहेका छन् । त्यहाँका नागरिकहरूको सुरक्षा र राहात प्रदान गर्नेतिर सरकारको ध्यानाकर्षण गर्न चाहन्छु, साथै भूकम्पको उच्च जोखिममा रहेको सुदूरपश्चिममा अहिलेदेखि नै वैकल्पिक उपाय अपनाउनुसमेत अहिले सरकारले ध्यान दिनुपर्नेतर्फ जोड दिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तुलसा कुमारी दाहाल ।

(११:०५ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको एक मात्र गौरवको रूपमा रहेको नेपाल राष्ट्रिय पुस्तकालय २०७२ सालको भूकम्पले भत्कियो । त्यो भत्किएको संरचना केही अस्थायी प्रयासहरू अहिले भक्तपुरको पुरानो ठिमीमा ल्याएर गरिएको छ । र किताबहरू छुन लायकका छैनन् सामग्रीहरू सबै धुलो छ किराहरू लागेको छ । ढुँडीहरू परेको छ । र शिक्षा मन्त्रालय कहाँ छ? यो सरकारलाई म खोजी गर्न चाहन्छु । १ लाखभन्दा बढी सङ्ख्या १ लाख ५० हजारभन्दा बढी सङ्ख्यामा रहेका हाम्रा सामग्रीहरू कुहिएर नष्ट हुने अवस्थामा हुँदा सरकारलाई त्योप्रति चासो छैन र भूकम्प गएको यतिका वर्ष भैसकेको छ र १९३ राष्ट्रमध्ये नेपाल एउटा हो । १०० राष्ट्रहरू चाहिँ डिजिटलाइजेसनमा प्रविधि विधिमा गइसकेका छन् भने नेपालमा चाहिँ अहिले धुलो टक्टकाउने सक्ने अवस्था पनि पुस्तकालय नरहेको हुनाले यसतर्फ सरकारको गम्भीर ध्यान जान आवश्यक छ । म अध्यक्षमार्फत अनुरोध गर्न चाहन्छु ।

(११:०५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय माया प्रसाद शर्मा । समय १२ मिनेट । यसपछि माननीय शारदा देवी भट्ट ।

(११:०६ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले यो देशमा एउटा आन्दोलन चलेको छ । र मान्छेले आफ्नो जीवीकापार्जनको लागि खानाको लागि, बस्नका लागि साहुसँगबाट ऋण लिनुपर्ने १ लाख ऋण लिएबापत दश हजार त्यही बेला बुझाउनुपर्ने र एक लाख रुपैयाँको आठ लाखको तमसुक गराउने । एउटा नयाँ ढङ्गको सामन्तिवादी कल्चर विशेष गरेर हाम्रो देशका तराई भूभाग पूर्वपश्चिमदेखि, पूर्वपश्चिम सबैतिर आक्रान्त भएको स्थिति छ । र आन्दोलनकारीहरू काठमाडौंमा आएर जुलुस धर्नाहरू गरिराखेको स्थिति छ ।

हामीले सुकेका छौं कि त्यो आन्दोलनकारीहरूको आवाज सरकारले सुनेको छ, सुन्नुपर्छ । र दीर्घकालीन ढङ्गले त्यसको व्यवस्थापन गर्नुपर्छ । र यसको मुख्य गरेर त्यो जुन प्रकारको ऋणी बनाउने र उसको घर जग्गाहरू सजिलो तरिकाले लिने यो मिटर ब्याजी प्रणाली जो छ । यो घरगाउँमा अहिले पनि यदाकदा चलिराखेको स्थिति छ । कमजोर मान्छेहरूले सयकडा पाँच, छ, सात, आठसम्म, दशसम्म ऋण लिने र आफ्नो घर जग्गा साहुमहाजनहरूलाई, ऋण दिनेहरूलाई बुझाउनुपर्ने स्थिति देखियो छ । हामी सबै सङ्घर्ष गर्यौं । सङ्घर्षबाट यहाँ आयौं । त्यो प्रवृतिको त्यो पद्दतिको त्यसको विरोध गर्दै आयौं । आन्दोलनहरू, जनयुद्धहरू विभिन्न प्रकारका आन्दोलनका रूपहरू गर्यौं । फेरि त्यसैको अहिले नयाँ रूप, नयाँ ढङ्गले नेपाली जनतालाई शोषण गरेर आउने कुरा यो खतरनाक ढङ्गले पुरानै फर्काउनेतिरको आर्थिक प्रणाली उही उल्टाउनेतिरको देखिन्छ । यसलाई हाम्रो दल, हरेक पार्टीका नेता, कार्यकर्ता को को हुनुहुन्छ? कति हुनुहुन्छ? हिसाब, किताब त स्वाभाविक ढङ्गले नेपाली जनताले गर्छ, गर्नुपर्छ । तर यसलाई अहिले कानुन बनाएर कानुनसमत् ढङ्गले त्यसलाई नियन्त्रण गर्नुपर्ने र यो प्रणाली, यो प्रक्रियालाई अगाडि बढ्न नदिन यसलाई प्रोत्साहित नगर्नका निमित्त नेपाल सरकारसँग विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु ।

सभाअध्यक्ष महोदय, यहाँ पहिलो माननीयज्यूले पनि कुरा उठाउनुभो' यो नेपालमा विशेष गरेर विभिन्न प्रयासपछि २०१३ पौष १९ गते यो नेपालको एउटा विभिन्न ठाउँहरूमा विभिन्न भाषाका पुस्तकहरू सङ्कलन गरेर करिब त्रिचालिस हजार पुस्तकहरू जम्मा गरेर सिंहदरबारको

सिक्री ढोकामा रहेको एउटा कोठामा नेपाल राष्ट्रिय पुस्तकालयको निर्माण गरिएको रहेछ । त्यसपछि यो केशर भवनमा सर्यो । र त्यहाँ ०२३ सालदेखि हरिहर भवनको त्यो दक्षिणढोकामा रहेर फेरि त्यसलाई निरन्तर ढङ्गले सर्दै गएको स्थिति रहेछ । यो हाम्रो समितिको एउटा कार्यक्षेत्रका हिसाबले हामीले बुझेर भर्खरै हामी सानो ठिमी स्थिति शिक्षा मन्त्रालयअन्तर्गतको एउटा भवनमा पुस्तकालय रहेको रहेछ । त्यसलाई हामीले अध्ययन, अनुगम गर्यौं ।

यहाँ पूर्वमाननीयज्यूले पनि भनिसक्नुभएको छ कि यी पुस्तकहरू अलपत्र परेको स्थिति देखिन्छ । मेहनत गर्नुभएको छ त्यहाँको कर्मचारी साथीहरूसँग हामीले अन्तरक्रिया गर्यौं, छलफल गर्यौं । त्यहाँ हाम्रो सबै त्यसको अध्ययन गर्यौं । हामीले त्यसको स्थितिलाई हेर्दाखेरि त्यो जुन प्रकारको किरा लागेको स्थिति छ पुस्तकहरूको हिसाबले हेर्दाखेरि एक लाख पचास हजारभन्दा बढी छन् भन्ने त्यहाँ साथीहरूको रिर्पोट थियो । त्यही त्यसको व्यवस्थापन गर्नेतिर पनि लाग्नुभएछ । मेहनत राम्रो गर्नुभएको छ । त्यहाँ कर्मचारीको अभाव छ । कर्मचारीहरूमध्ये पनि प्राविधिक कर्मचारीहरू त्योसँग ज्ञान भएका, सिप भएका, कला भएका, कौशल भएका मान्छेहरूको आपूर्ति गर्नुपर्ने पनि देखिन्छ ।  त्यहाँ ढुशी लागेको छ । हामीलाई छुन दिनुभएन । र त्यहाँ हेर्दाखेरि अब किताब हुने । ढुशीले किताबलाई खाइराखे, छुन पनि नहुने हेर्न पनि नहुने भए त्यो मुर्ति किताब त केही जरुरी छैन । त्यसका बारेमा शिक्षा मन्त्रालयअन्तर्गत पर्ने भएका हुनाले त्यसको विशेष गरेर हेर विचार गर्नुपर्ने देखिन्छ ।

त्यहाँ धमिरा लागेको छ । त्यहाँ ओस लागेको छ । धुलोले नष्ट गरिराखको स्थिति छ । र यसलाई अस्थायी रूपले त्यहाँ भए पनि केही हल गर्नुपर्ने त देखिन्छ । त्यसको स्थायी रूपले हल गर्नका निमित्त त्यहाँ जमिन रहेछ पुस्ताकालयकै नाममा त्यो जमिनमा ठेक्कापट्टा पनि भएको छ । त्यही ठेक्कापट्टाको केही लेनदेनका कारणले त्यहाँ कुरा मिलिराखेको स्थिति छैन । र त्यसका बारेमा केही अन्तर विरोध पनि भएको देखिन्छ ।

अब अहिले देशभरिको हिसाबले हेर्ने हो भने एक सय साठी बढी देशहरूमा सबै ठाउँमा भएका पुस्ताकलयहरू डिजिलाइटेसन भइसकेका छन् । तर हाम्रो यहाँ त्यो पुस्ताकालय देशभरिको एउटा गहना हो । राष्ट्रको सम्पत्ति हो । हाम्रो पुस्तक कस्तो छ? हामीले के के त्यसको संरक्षण गर्या छौं भनेर तीन सय वर्षअगाडिका पुस्तकहरू त्यहाँ छन् । त्यो पुस्तकहरूलाई नयाँ उपकरणहरूको व्यवस्थापन गर्नुपर्ने, कर्मचारीहरूको आपूर्ति गर्नुपर्ने, यो प्राविधिक भएको कर्मचारीहरूको यो भवन निर्माण गर्नुपर्ने र त्यसको उपचार, संरक्षण र ब्यान्डिङ गर्नुपर्ने यो कागजी छ । त्यसलाई हामीले डिजिटल प्रविधिद्वारा त्यसको संरक्षण गर्नुपर्ने यो

देखिन्छ । यस्तो हिसाबले हेर्यौं भने विभिन्न प्रकारका त्यहाँ भएका ग्रन्थीहरूलाई ग्रन्थी सूचीहरूलाई डाटाबेसमा तयार गरी एउटा अनलाइनमा राख्यौं भने त्यसले राष्ट्रका निमित्त हाम्रो कस्तो थियो? के थियो? भन्ने कुरालाई राम्रो जानकारी गराउन मद्दत गर्छ । यसैले यसको विशेष गरेर त्यो पुस्तकालयको व्यवस्थापन गर्न गम्भीरतापूर्वक शिक्षा मन्त्रालय लाग्नुपर्छ । र राष्ट्रको सम्पत्ति विभिन्न तीन सय वर्ष अगाडिदेखि अहिलेसम्मको सम्पत्तिलाई व्यवस्थित गर्नुपर्छ ।

अर्कोतिर यो केशर भवन नजिकको एउटा त्यहाँ पहिलेको पुस्तकालय छ । त्यहाँ केही सामग्रीहरू त्यो २०७२ सालको भूकम्पले त्यही पुरिएका छन् । र महत्त्वपूर्ण सामग्री छन् भनेर भन्ने पनि छ । त्यसलाई हामीले त्यसलाई खोजी गर्नुपर्ने देखिन्छ । यसका निमित्त एउटा उत्खन्न गरेर त्यसको व्यवस्थापन गर्ने कुरामा पनि त्यसको खोजी तलासी गर्ने र त्यहाँ पुरिएको सम्पत्तिहरूको रक्षा गर्न पनि जरुरी देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, हामी यो शान्ति प्रक्रियामा आयौं । सबै हामी भनेको यो देश आयो । यो हामी राष्ट्रिय सभा हेर्दाखेरि हाम्रो देशमा सञ्चालन भएका चारओटै सङ्घर्षका बिचमा अनुभव सङ्गालेका मन्छेहरूको जमघट छ, व्यक्तित्त्वहरूको जमघट छ, जानकारहरूको जमघट छ, राणा शासनको प्रत्यक्ष अनभूति, पञ्चायतकालको प्रत्यक्ष अनभूति, संवैधानिक राजतन्त्रात्मक संसदीय प्रणालीको प्रत्यक्ष अनुभूति र अहिलेको सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थाको प्रत्यक्ष अनभूति हामी गरेका मान्छेहरूको जमघट छ । हामी सप्पै आन्दोलनबाट यो वा त्यो ढङ्गले आन्दोलन गर्दै त्यसको व्यवस्थापन गर्दै आएका व्यक्तित्त्वहरू यहाँ छौं ।

राणा शासनमा हामीले राणा शासनका विरुद्ध आन्दोलन गर्यौं । त्यहाँ पनि केही क्षतिहरू, उपलब्धिहरू अवश्य पनि भए । राणा शासन ढाल्न पनि त्यति सजिलो अवश्य पनि थिएन । जहानिया शासन बोल्न पाउँदैन थियो, भन्न पाउदैन थियो, लेख्न पाउँदैन थियो । स्कुलहरू थिएनन् । पढ्, लेख गर्या मान्छेहरू थिएनन् । तर पनि त्यति बेला हाम्रा पूर्खाले त्यो तानासाही प्रवृतिका विरुद्ध सङ्घर्ष गरे । कतै मान्छे मरे होलान्, कतै सम्पत्ति क्षति भयो होला । कहिँ न काहीँ मान्छेहरू ठुलो सङ्ख्यामा जेलमा परे । निर्वासित हुनुपर्यो । र हामी इतिहास पढ्छौं । र उहाँहरूको आत्मकथा पढ्छौं । निर्वासमा गएका भए गरेका कुराहरू त्यहाँ देखा परेका सीमा, सङ्घर्षहरू, सङ्घर्षका पाटाहरू हामी अध्ययन गर्छौं । राणा शासन ढल्यो ।

त्यसपछि गएर पञ्चायती व्यवस्था स्थापना त्यही बिचबाटै राणा शासनपछिको निर्वाचन निर्वाचनबाट पनि फेरि त्यो पञ्चायती व्यवस्था पनि आयो । त्यसको विरुद्ध पनि हामी सङ्घर्ष गर्यौं । संसदीय राजतन्त्रात्मक व्यवस्था आयो । त्यो व्यवस्थाका विरुद्ध पनि सङ्घर्ष भयो । तर हामी सङ्घर्ष गरेर फेरि ०६२/०६३ को ऐतिहासिक जनआन्दोलन जुन जनयुद्धको जगमा भएको

थियो । त्यो आन्दोलदनले एउटा सम्झौता गर्‍यो । अब राष्ट्रलाई उभो लाउने, नयाँ ढङ्गले ल्याउने भनेर सप्पै हामी परिभाषित भयौं । जनयुद्धलाई बुझ्दै गयौं । (अध्यक्ष महोदय, मलाई थोरै टाइम दिनुहुने छ मै विश्वास गरेको छु ।) त्यसलाई बुझ्ने कुरामा केही अन्तर हाम्रा अवश्य पनि हुन । तर खास कुरा के हो भने हामी विद्रोही पक्ष सम्पूर्ण राष्ट्रको लगानी गरे पनि त्यो सकिएन । विद्रोही पक्षले पनि सकेन, सम्झौतामा आयो । सात राजनीतिक दल, विपक्षी विद्रोही माओवादीका बिचमा सम्झौता भयो । र सम्झौता कार्यान्वयन गर्ने कुरामा केही विवादहरू अहिले आएका छन् । जो सरकारमा जाने बेला त्यसलाई क्रान्तिकारी देख्ने, परिवर्तनकारी देख्ने, सरकारबाट बाहिर रहँदा आताङ्कारी देख्ने प्रवृतिका कारणले त्यो समस्या आज बल्झिराख्या छ । यसको हल गर्नुपर्छ । यसलाई सङ्क्रमणकालीन न्यायको विधिबाट कानुन निर्माण गरेर यो समस्यालाई हल गरेर मात्र हामी देशलाई उभो लगाउन सक्छौं । पार लगाउन सक्छौं । आफ्नो इन्ट्रेस्ट र आफ्ना चाहनामा हामीले कसैले पनि व्याख्या गर्‍यौं भने कुनै कारणले भएन भने के हुन्छ? भन्दाखेरि सबै पक्ष चुप लागेर बस्दै बस्दैन ।

म यो सम्मानित सदनमा के राख्न चाहन्छु भने यो सङ्घर्षको पीडा नजिकबाट दर्जनौं मान्छेहरू मेरा आफन्तहरू, आफ्नो परिवारहरू सहिद भएर म यो रोष्ट्रमबाट तिनीहरूका चित्कारहरू बोलिराखेको छु र तिनीहरूको भविष्य बोलिराखेको छु । यसकारण ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय शारदा देवी भट्ट । समय ९ मिनेट । यसपछि माननीय कमला पन्त ।

(११:२० बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, समस्या नै समस्या अल्झिरहेको दैनिकीमा नेपाली गरिब निमुखा सामु अहिले एउटा नयाँ समस्या आइलागेको छ मिटरब्याज । गजबको छ यो मिटरब्याज । लिएको ऋणको सावाब्याज तिर्दासमेत ऋण कहिले नसकिने, ब्याजको मिटर फनफनी घुमिरहने । अनि अस्ति मात्रै धनुषालगायत देशभरका मिटरब्याजबाट पीडित महिला थुप्रै पीडित काखमा साानसाना बालिका च्याप्दै न्यायको आशामा १२ दिन पैदल हिडाइपछि काठमाडौं पुगे । आफूले भोगिरहेको अन्याय चिच्याइ चिच्याइ सुनाउँथे र न्याय पाउने, फर्किने उनीहरूको एउटै चाहना थियो । तर पीडितको कुरा सुन्ने त कता हो कता उनीहरूलाई षडयन्त्रपूर्ण रूपमा उनीहरूको मागलाई कमजोर गर्ने उद्देश्यले उनीहरूलाई खुल्ला मञ्चमा शान्तिपूर्ण धारणसमेत बस्न

दिएनन् । जुन खुल्ला मञ्चमा आम नागरिकलाई राज संस्था हुँदासमेत बन्देज भएन । त्यहाँ अहिले अनेक बहानामा गणतन्त्रमा बन्देज लगाएको छ । जुन कार्य अत्यन्तै निन्दनीय छ । यो एउटा धनुषाको मात्रै समस्या होइन । यो अहिले देशैभरको समस्या हो । जुन दिन प्रतिदिन विकराल रूप लिँदै छ ।

मिटरब्याजका रकम उपलब्ध गराउने, ..... लिखित पास गरिदिने, लिने यसबापत कानुनीविपरीत ठुलो रकम ब्याज असुल्ने, गर्ने, सम्पत्ति कब्जा गर्ने, यौन शोषण गर्ने एवम् ..... मानसिक यातना दिने अमानवीय कार्य गर्ने पीडितलाई बाध्य गराउने ।

**(११:२१ बजे)** **पीठासीनः** माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सरकार तथा सरोकारवाला निकायको समस्या ..... हुँदा मिटरब्याजीको हौसला बुल्द छ भने पीडित आफ्ना पीडा दबाएर बस्न बाध्य छन् तर सरकार मौन छ । सरकार प्रमुख प्रधानमन्त्री दैनिकी झिनामसिना कार्यक्रम उद्घाटन, मन्तव्य, भाषणमै बितिरहेको छ । लाग्छ यो देशमा गरिब निमुखाहरूको पीडालाई बुझिदिने कोही छैन । समस्या समाधानको नाउँमा वार्ता टोली गठन मात्रै गर्ने, झारो मात्रै टार्ने कार्य नहोस् । एउटा ठोस निर्णयमा पुगी पीडिहरूको माग सम्बोधन गर्न सम्माननीय अध्यक्षज्यूमार्फत् सरकारसँग माग गर्दछु ।

हामी नेपाली जनताले अध्यक्ष महोदय, हामी नेपाली जनताले जहानियाँ राणा शासन बोहोयौं, शाही राजतन्त्र बोहोयौं । जहाँ जनतालाई विरोध गर्ने, बोल्ने अधिकार थिएन । अनि नेपाली जनताले त्यसको विरोध गर्दै अनेकौं सहादत दिई अहिलेको गणतन्त्र ल्यायौं । र बोल्ने विरोध गर्ने अधिकार पनि पायौं तर होइन रहेछ । यता त अहिले पनि राणा शासन र राजतन्त्रको अवशेष बाँकी नै रहेछ । कदाचित् केही दिनअघिको घटनाले त यही दर्साउँछ । यहाँ विरोध गर्दा मुख थुनिन्छ, मुख चिथोरिन्छ र काव्य बनाउँछ, विरोधको आवाज दबाइन्छ । यही हो त जनताले सहादत दिएर आफ्नो गणतन्त्र ल्याएको? सोच्नु । कृपया विरोधीको पनि कुरा सुनौं । यो प्रजातन्त्रमा हरेकलाई आफ्ना कुरा भन्न र विरोध गर्ने अधिकार छ । यसमा अधिकारको सम्मान गरौं ।

अध्यक्ष महोदय, हामी आफूलाई कृषि प्रधान देश भनेर चिन्छौं । तर के साँच्चै नै कृषि प्रधान देशका मान्छे हौं त? जुन देशमा तरकारीदेखि धान, चामल, दालदेखि हरेक खाद्य पदार्थमा हामी परनिर्भर छौं । बिनाआयात हाम्रो भान्सा चल्दैन । आफ्नो उत्पादनले हामीलाई ६ महिना

धान्न गाह्रो छ । कुनै एउटा कृषि उपजमा हामी आत्मनिर्भर छैनौं । अनि कसरी रह्यौं त हामी कृषि प्रदान देश? यो कुनै समयमा हामी कृषि उपजमा केही हदसम्ममा आत्मनिर्भर थियौं । केही वस्तु निर्यात पनि गर्यौं तर अहिले त्यो अवस्था रहेन । अहिलेको यो अवस्थामा आउनमा कसको दोष? सरकारको कृषिसम्बन्धी व्यवस्था, सरकार गलतको नीति हचुवाको भरमा गरिने निर्णय, कृषकलाई राज्यबाट गरिने दोयम दर्जाको व्यवहार, समयमा बिउबिजन उपलब्ध नहुनु, समयमा मलखाद्द उत्पादन नहुनु, कृषि ऋणमा किसानले पाउने सास्ती अनि जसोतस गरेको उत्पादनको बजारमा नपाउनु, बिचौलियाको मनमानी केही यस्ता कारण हुन् जसले गर्दा किसानको कृषि कार्यदेखि मोह भङ्ग भइसकेको छ ।

सरकारको नीतिको त कुरै के गरौं नेपालको तरकारी उत्पादन बजार नपाएर कृषकले आफ्ना उत्पादन सडकमा फाल्न बाध्य भइरहेको अवस्था छ । छिमेकी मुलुकबाट अरबौंको गुणस्तरहीन तरकारी दिनहुँ नेपाल भित्रिन्छ । यस्ता अस्वस्थ, अखाद्यय विषादीयुक्त नेपाली जनताले खान बाध्य भएका छन् । अनि हाम्रोमा कृषि अनुदान पनि छ एउटा । जुन वास्तविक कृषकको हातमा कहिले पर्दैन । परिहाल्यो भने अनेकौं सास्ती, दुःखपछि वास्तविक किसानले हातमा केही हजार पर्छ भने सेटिङको भरमा नक्कली फारम दर्ता गरी अनुदान लिएको हात करोडौं । राज्यले दिएको सुविधा वास्तविक कृषकले पाउने व्यवस्था गर्नु जरुरी छ । जसमा सरकार चुकेको छ । म सम्माननीय अध्यक्षज्यूमार्फत् नेपालमार्फत् देशमा भूमिपुत्र कृषकलाई उनीहरूको समस्या तत्काल सम्बोधन गर्नको लागि सरकारसँग माग गर्दछु ।

अध्यक्ष महोदय, भर्खरै सार्वजनिक जनगणनाको प्रतिवेदनअनुसार लैङ्गिक असमानता रहेको डर लाग्दो अवस्था देखिएको छ । प्रतिवेदनअनुसार २० वर्षभन्दा माथिको उमेर समूहमा महिलाको सङ्ख्या बढी देखिन्छ भने त्योभन्दा कम उमेर समूहका पुरुषको सङ्ख्या बढ्दै गइरहेको पाइएको छ । जसरी पुरुषको सङ्ख्या बढ्दै जानुमा छोरा र छोरीबिच हुने विभेद नै मुख्य कारण रहेको छ । छोरा नभई हुने सोच हाम्रो समाजमा व्यापत छ । बालबालिकामा लैङ्गिक ...... देखिनुमा अर्को कारण लिङ्ग पहिचान गरेर गर्भ पतन गराउनु हो । अहिले यत्रो लैङ्गिक असन्तुलन हुनुमा सामान्य कुरा होइन । जसमा लिङ्ग पहिचान गरेर भ्रुणहत्या ठुलो भूमिका छ यसलाई रोक्न जरुरी छ । अहिले यस्ता अमानवीय कार्य देशैभर खुलेआम भइरहेका छन् । यस्ता कार्यमा कडा कानुन बनाई गर्भ नियन्त्रणमा कडाइ गर्नु जरुरी छ ।

अध्यक्ष महोदय, अहिले देशको अर्थतन्त्रको अवस्था दयनीय छ । जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य सेवा, शिक्षा, सुशासन, बेरोजगारी, शान्ति सुरक्षाको अवस्था दयनीय छ । अहिले देशमा चरम महङ्गीको अवस्था छ । देशमा रोजगारको कुनै स्रोत छैन । राष्ट्रिय गौरवका

योजनाहरू सबै अलपत्र छन् । युवा जुन देशका कर्णधार हुन्, अध्यक्ष महोदय । अब म यो युवाहरू जुन यस देशका कर्णधार हुन् अहिलेको देशको अवस्थाबाट उनीहरूको निराशा छाएको छ । आफ्नो कलेजको बिदाइ कार्यक्रममा कलेजको ड्रेसमा अब हामी खाडीमा भेटौँला लेखेर आफ्नो निराशा व्यक्त गरिरहेका छन् भने अहिलेका युवा आफ्नो देशमा भविष्य देख्दैनन् । हर कोही विदेशी जान लालायित छन् । अहिलेको देशमा राजनीतिको अवस्था राजनीति गिर्दो नैतिकता भागबन्डाको राजनीति, सत्ता मोह भष्टाचारले उनीहरूमा नैरस्य छाएको छ । यता केही हुन सक्दैन भन्ने भावना जाग्रित भएको छ ।

अध्यक्ष महोदय, समयको महत्त्व के हो? यसको सदुपयोग कसरी गर्ने भनेर अहिलेको सरकारले बुझेको छ कि छैन? आमनिर्वाचन भएको पनि ४ महिना बढी भइसकेको छ । तर यहाँ सत्तामा बसेका स्थिर सरकार दिन सकिरहेका छैनन् । मन्त्रीमण्डल गठन गर्न उनीलाई सकस छ । प्रधानमन्त्री एक्लै १७ मन्त्रालयको भार बोकिरहेका छन् । अनि कसरी अहिलेको जनताले सरकारबाट आशा गर्ने?

अध्यक्ष महोदय, हामी अहिले विभिन्न कारणहरू पार गर्दै, चरणहरू पालन गर्दै गणतन्त्रमा अवस्थामा आइपुगेका छौं । देशको महिला राष्ट्रपति, महिला सभामुख आदि पाइसकेका छौं । तथापि पनि निर्णायक ठाउँमा महिलाको समान र उल्लेखनीय सहभागिता अहिले पनि भ'को छैन । अहिले पनि शिक्षा, रोजगारी, राजनीतिक जीवनमा महिला, पुरुषको बिचमा ठुलो भिन्नता छ । हामीमा लैङ्गिक समानताको ठुलो खाडल छ । हामीभन्दा अघिका हाम्रा अग्रज महिला नेतृहरूले र अहिलेका व्यक्तिहरूले हक, अधिकारको लागि धेरै दुःख, कष्ट बेहोरी आन्दोलनको अवस्थासम्म पुर्यायौं । तर पनि अझै पूर्ण अधिकार पाइसकेका छैनौं । अझै धेरै लामो लडाइ लड्नु बाँकी नै छ । हामी महिलालाई कुनै कोटा वा कसको निगाहबाट पदीय अधिककार चाहिएको छैन । हामीलाई हाम्रो क्षमताको आधारमा पूर्ण अधिकार चाहिएको छ । जसको लागि हामी लडाइँ जारी नै छ ।

(अध्यक्ष महोदय, म १ मिनेट मात्र समय लिन चाहन्छु) । अध्यक्ष महोदय, यस्तै देशभरबाटै महिला प्रताडित छन् । राज्यले महिला हिंसा रोक्नु ठोस कदम उठाएको देखिँदैन । महिला हिंसा रोक्न यस सम्माननीय सदनमा हामीले थुप्रै आवाज उठायौं । थुप्रै पीडित चेलीका विषयमा न्यायको लागि आवाज उठायौं तर न्याय पाएनौं । म केही पनि सरकारसँग, फेरि पनि सरकारसँग निर्मलालगायत पीडित चेलीहरूलाई न्याय दिलाउन र महिला हिंसाको अपराधीहरूलाई कानुनको दायरामा ल्याउन माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय कमला पन्त । समय १० मिनेट । त्यसपछि माननीय प्रमिला कुमारी ।

(११:२९ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, हामीले धेरै महेनत गरेर लगभग ७० वर्ष लगाएर संविधान बनायौं । अहिले नेपालमा असाध्यै सुन्दर संविधान छ । त्यसका केही कमी कमजोरी होलान् । हामीलाई संशोधन गर्ने छुट छ । संशोधन गर्न पाइन्छ । र संविधानअनुसारको राज्य सञ्चालन छ कि छैन? हामी विधिको शासनको कुरा गर्छौं विधिअनुसार हामी हिँडेका छौं कि छैनौं? अहिले अत्यन्त गम्भीर भएर आफूलाई आत्म निरीक्षण गर्नुपर्ने बेला भएको छ, अध्यक्ष महोदय ।

अब हामीले संविधान बनाउँदाखेरि एक ठाउँमा उभियौं सबै राजनीतिक दलहरू एक ठाउँमा उभिएम् । एउटा सुन्दर संविधान निर्माण गर्यौं । तर संविधानअनुसार हामीले अहिले मुलुक चाहिँ यत्र तत्र सर्वत्र समस्यामा छ । यो समस्यालाई हामीले कसरी समाधान गर्ने आर्थिक विपन्नताका कारणले गर्दा मुलुक एक जर्जर भ'को छ । यदि फेलियर स्टेट भयो भने के गर्ने हामी सोचेका छौं कि छैनौं हामी राजनीतिक दलहरूले हामी स्टेकहोल्डरहरूले सोचेका छौं कि छैनौं । यहाँ सरकारको कसको के भन्नेभन्दा पनि यो समस्या सिङ्गो मुलुकको समस्या हो हामीले राजनीतिक परिवर्तन भयो । ०४६ सालपछि नै हामीले के भन्यौं भने राजनीतिक उपलब्धि भयो तर हामीलाई आर्थिक र सांस्कृतिक परिवर्तन गर्नुपर्ने छ । आर्थिक विपन्नताले हामीलाई कतै पनि पत्याउँदैन । आर्थिक उन्नति गर्नु छ र सांस्कृतिक रूपमा हामी अत्यन्त समृद्ध संस्कृतिका मुलुकका नागरिक बन्नु छ भनेर हामीले त्यसरी वचनबद्धता प्रकट गर्दै हिँड्यौं । तर अहिले अलिकति त कोभिडका कारणले मुलुक आर्थिक रूपमा थलिँदै गयो । तर सबै ठाउँमा देखिन्छ । सबै राजनीतिक दलहरूले कति वर्ष प्रतिबद्धता जाहेर गर्ने हो ।

हामी पीपीपी मोडेलको पहिला ०४६/०४७ सालको संविधानले त्योअनुसारको अर्थतन्त्रलाई अगाडि बढाउने भनेम् । पब्लिक, प्राइभेट, पार्टनरसिप भनेर अहिले पीपीसीमा गएम् । पीपीसी भनेको कोअपरेटिभ भनेम् तर कोअपरेटिभ अहिले कसले अनुगमन गरेको छ? कोअपरेटिभका कारणले गर्दा जनता जनता मरिराखेका छन् । त्यो कोअपरेटिभमा संलग्न भा'का आफ्नो हिस्सा दिएकाहरू अहिले आत्महत्या गरिराखेका छन् मान्छेको सबभन्दा ठूलो जीवनको आशा भनेको त बाँच्न पाउने आशा हो । जिउ धनको सुरक्षा हो । अहिले जिउ धनको सुरक्षा भा'को छ कि छैन? त्यति ठूलो कुरा हामीलाई गर्न जरुरी छैन । अहिले नेपाली जनताको जिउ धनको सुरक्षा गरौं । र मुलुकमा यो अवस्थामा हामी पुगेका छौं । कि अर्थतन्त्रलाई कसरी

हामी समृद्ध गराउन सक्छौं । जगेर्ना गर्न सक्छौं । एउटा राजनीतिक पार्टीको कुरा होइन । एउटा सत्तामा भ'का पार्टीहरूको मात्र कुरा होइन सिङ्गो मुलुक एक ठाउँमा उभिन सक्छ कि सक्दैन यसका निम्ति? हामीले यसका बारेमा सोचेका छौं कि छैनौं म गम्भीर भएर सरकारमा रहेका राजनीतिक दलहरू र प्रतिपक्षमा रहेका राजनीतिक दललाई पनि म के निवेदन गर्न चाहन्छु भने अध्यक्ष महोदय यो अवस्थाले हामी कुनै ठाउँमा पनि पुग्दैनौं । हामी अलिक गम्भीर हुन जरुरी छ हामी गम्भीर भा'का छैनौं आत्म निरिक्षण गरौं । एउटाले अर्कोलाई दोष दिने कुन चाहिँ राजनीतिक पार्टी सत्तामा नबसीकन अहिले अहिले नयाँ आएका पार्टीहरूबाहेक कुन चाहिँ राजनीतिक पार्टी सत्ता छैन । एउटाले अर्कोलाई दोष दिने अर्कोले अर्कोलाई दोष दिने अनि हामी कहाँ पुग्छौं । हामी कति गम्भीरताका साथ लिएका छौं ।

अहिले भखर अघिल्लो वक्ता माननीयज्यूहरूले गम्भीरताका साथ उठाउनुभो' मिटर ब्याजीको कुरा विचर बच्चा च्यापेर महिलाहरू आ'का छन् । अघिल्लोमा आए महिनौंसम्म आन्दोलन गरेर आश्वस्त गरेर सरकारले पठायो फेरि आउनुपर्ने बाध्यता भयो सरकारले बोलेपछि यो त सरकार बोलिसक्यो हइ हामी त ढुक्क छौं भनेर नागरिकले कति बेला आफूलाई ढुक्क सम्झिनी अब यति भए त मलाई यति भए भयो भनेर अति बेला नागरिकले भन्ने? मिटर ब्याजीहरूको समस्या हेरौं । म दोहोऱ्याउदिनँ माननीयज्यूहरूले धेरै कुरा राखिसक्नुभा'को छ । म यसलाई दोहोऱ्याउनपट्टि जान्नँ । र मलाई के भन्नु छ भने सरकारले बोलिसकेपछि सरकार अभिभावक हो कुनै पनि जनताको यो कुनै राजनीतिक पार्टीको मात्रै होइन । यो एउटा भुईंमा रहेको एउटा एउटा हामी भन्ने गर्छौं नि सबभन्दा विपन्न जनताको अभिभावक हो । सबभन्दा अभिभावकत्व लिनुपर्ने सरकारले भनेको त्यही भुईंमा रहेको जनताको हो । हामीले गरेका छौं कि छैनौं? आत्म निरीक्षण गरौं । म अरू कुरा भन्दिनँ । म म भन्नु आत्म निरीक्षण गर्नुपर्यो ।

अर्को कुरा चाहिँ भने राज्य अहिले कस्तो छ भने हामी सबै छौं । म कसैलाई दोष दिन्नँ । राजनीति र निजामतीको बिचमा द्वन्द्व छ । राजनीतिले निजामतीलाई बिगारेको छ कि? निजामतिले राजनीतिलाई बिगारेको छ? निजामती प्रतिस्पर्धा गरेर आ'को छ । उसले लोक सेवा लडेको छ । भलै भोट हाल्न जाँदा कुनै राजनितिक पार्टीलाई भोट हाल्छ होला । उसको अधिकार हो । नागरिक अधिकार हो ऊ नागरिक पनि हो । तर भोट हालेकै नाममा कसैलाई केही थाहा पाइयो भने सङ्केत भयो भने अनि हामीले युनियनको अधिकार दिएम् । युनेनिजमको कुरा गरेम् । अब यो युनियन खोल्न दिनी त हामीले दिएको अधिकारको हो । त्यो खोल्यो भन्दैमा त्यसलाई यो पार्टीको हो भनेर लेबल लगाइदिएर एउटा काबिल कर्मचारीहरूलाई

निजामतीमा लाएकाहरूलाई हामी सरकार फेरिनेबित्तिकै त्यो व्यक्तिलाई भकुन्डो बनाउछौं । कसलाई भकुन्डो बनाएम् कसलाई बनायो ।

म यतापट्टि समीक्षा गरेको मैले होइन । मलाई के निवेदन गर्न मन लाग्यो भने अध्यक्ष महोदय सबै जनताले कुन कुन ठाउँमा बसेर कसले काम गरेको छ । त्यसले स्वाभिमानका साथ आफ्नो काम गर्न पाउनुपर्यो व्यक्ति फेरिनेबित्तिकै उसको कर्तव्य फेर्रिंदैन । उसको जिम्मेवारी फेर्रिंदैन । उसले आफ्नो जिम्मेवारीमा बसेर काम गरेको छ भने गर्न पाउनुपर्यो । ऊ प्रतिस्पर्धाबाट आएको व्यक्ति भ'को कारणले गर्दा कम्तीमा पनि सरकार भनेको अस्थायी हो आज एउटा राजनीतिक पार्टीले नेतृत्व गरेको छ भोलि अर्को राजनीतिक पार्टीले नेतृत्व गर्न सक्छ । स्थायी सरकारलाई हामीले कसरी बलियो बनाउन सक्छौं । हामीले त्यो प्रयत्न गरेका छौं कि छैनौं? हामीले निजामति ऐन ०७४ सालदेखि अहिलेसम्म अड्किराखेको छ । ऐन हामीले ल्याउने खइ त चालामाला केही पनि देखिँदैनँ । त्यसको बारेमा छलफल गरेको पनि देखिँदैनँ ।

अध्यक्ष महोदय, हामी संघीयतामा गयौं तीन तहको सरकार छ । ७६१ ओटा सरकार हामीसँग छन् । ६,७४३ ओटा वडा छन् । यो पालिकाहरूलाई हामीले अनुगमन गरेका छौं कि छैनौं? वडाअध्यक्षहरू, सबभन्दा बलियो सरकार भनेको स्थानीय तहको सरकार हो । स्थानीय तहको सरकारका व्यक्तिहरू म कुन पार्टी को व्यक्ति विशेषमा जान्नँ । मैले थाहा पा'को देखेको सुनेको र मलाई सुन्नँमा आ'का कुराहरू मैले देखेको पनि हो । सुनेको मात्र होइन । सबै स्थानीय तहका सरकारहरू यति धेरै गैरजिम्मेवार हुँदै गा'को अहिलेको अवस्था छ । अनुगमन कसले गर्ने? गर्ने कि नगर्ने । वडाअध्यक्षहरूले के किसिमले काम गरेका छन्? त्यो हामी अनुगमनपट्टि जाने अनुगमन गर्ने संघीय सरकारले गर्ने प्रदेश सरकारले गर्ने । ल अनुगमनको बेला भयो भनेर भन्ने, कसले भन्ने यसका बारेमा हामीले छलफल गरेका छौं कि छैनौं?

अध्यक्ष महोदय, म फेरि पनि आग्रह गर्न चाहन्छु कुन ठाउँमा कमी कमजोरी छ । वडाअध्यक्षहरू, पालिकाका जिम्मेवार व्यक्तिहरू आफ्नो आफ्नो व्यक्तिगत डोजर लिएर स्क्याभेटरहरू लिएर काम लगाइराखेका छन् । भलै उसले त्यो काम लगाउन पाउँदैन भन्ने होइन आश्य के हो त त्यसको बारेमा हामी बुझ्ने कि नबुझ्ने यो मैले भन्न खोजेको अनुगमनको जरुरी छ । हामीले अनुगमन गरेका छौं कि छैनौं । यसका बारेमा चाहिँ गम्भीर भएर सोच्नुपर्यो अध्यक्ष महोदय ।

अध्यक्ष महोदय, हामीले बनाएको संविधानलाई हामीले ऐन बनाइसकेका छैनौं ०७२ सालदेखि अहिलेसम्म ऐन बनाएका छैनौं । कतिपय त पोलिसी नीति बनाउन बाँकी छ नीति

बनाएपछि ऐन बनाउनुपर्यो त्यो ठाउँमा हामी कहिले जाने? यो विधिसम्मत् रूपमा यो लोकतन्त्र भनेको विधिको शासन हो । व्यक्ति फेरिँदैमा विधि फेरिँदैन र विधिको शासनअनुसार जान सकियो भने हामी को को आयो को गयो भन्नेले कुनै पनि अर्थ राख्दैन । त्यसले गर्दा हामीले विधिको बारेमा के सोचेका छौं?

र अर्को कुराः अध्यक्षज्यू, अब मलको मैले त ०५१ सालदेखि यसरी नै संसदमा भनेको छु । एउटा उद्योग खोलुम् मलको किसानको बहुसङ्ख्यक जनता किसान छन् । किसानको देशमा मल पाउँदैन । मलको बारेमा कसले सोचेको छ मल नपाएपछि किसानले कसरी उत्पादन बढाउँछ? उत्पादन नबढीकन हाम्रो समृद्धि कसरी बढ्छ? यसका बारेमा हामी सोचेका छौं कि छैनौं? यसका बारेमा म आग्रह गर्छु । सरकारलाई गर्छु अभिभावक सरकार हो र सबै राजनीतिक दलहरूसँग म निवेदन गर्छु । कि अब जनताप्रति असाध्यै संवेदनशील भएर अपनत्व ग्रहण गरुम् ।

र अध्यक्ष महोदय, म अन्तमा जाँदै छु । हामीले परिवर्तन गर्यौं । महिलालाई एक तिहाइ महिला हरेक राज्यको संरचनामा भन्यौं । त्यसपछि गएर अझै स्थानीय तहकोमा त अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुखमा एक जना महिला भनेम् । एउटा छिद्र पनि देख्न नहुने राजनीतिक पार्टीहरूले सानो छिद्र पनि नपाउने । महिलाहरू अहिले अब महिला दे'को ठाउँमा त चुनाव जितेकै छ । महिला त्यति नालायक होलान भन्ने मेरो मूल्याङ्कन छैन । त्यसले गर्दा राम्रो काम गरेका महिलाहरूलाई अहिले कम्तीमा पनि अध्यक्ष, उपाध्यक्ष, मेयर, उपमेयरमा एउटा महिला दिएको भए । हिजो मैले सुनें एउटा कार्यक्रम रहिछ उपमेयरहरूलाई न्याय समितिको बारेमा पुरुषहरूले बोलिरहनुभा' थियो । अध्यक्षहरूमा पनि महिलाहरू छैन । (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रमिला कुमारी । समय ५ मिनेट । त्यसपछि माननीय सुमित्रा वि.सी. ।

**(११:४० बजे) <u>माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, प्रदेश नम्बर १ लाई कोशी प्रदेश नामाकरण गरेपश्चात् भएका पहिचान प्राप्तिको आन्दोलनमा सहादत प्राप्त गर्नुभएका पहिचानवादी नेता पदम लिम्बू (लाजेहाङ)

प्रति श्रद्धाञ्जली अर्पण गर्दछु र सोका कुल परिवारजनमा हार्दिक समवेदन प्रकट गर्दछु र साथै घाइतेहरूका स्वास्थ लाभको कामनासहित गर्दछु ।

करिब एक महिनादेखि प्रदेश नम्बर १ मा जारिरहेको पहिचान र अधिकारको आन्दोलनलाई सरकारले गम्भीरतापूर्वक नलिएको उक्त आन्दोलनमा प्रहरीको दमनबाट धेरै आन्दोलनकारीहरू घाइते भ'को, उत्पीडित समुदायको राष्ट्रियताप्रति सरकार संवेदनशील नभएको, जनताको माग र आन्दोलनलाई बेवास्ता गरेको देखिन्छ । त्यसैले प्रदेश नम्बर १ का जनताले पहिचानको आधारमा प्रदेशको नामाङ्कन गर्न खोजेकोले उक्त माग सम्बोधन गरी आन्दोलनको क्रममा आफ्नो जीवन अर्पण गर्नुभएका स्वर्गीय पदम लिम्बू (लाजेहाङ) लाई सहिद घोषणा गरी वहाँको परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन । र आन्दोलनमा घाइते भएकाहरूको उचित स्वास्थ उपचारको व्यवस्था मिलाउन नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु ।

मिटरब्याजीविरुद्ध भैरहेको आन्दोलनमा मेरो दल जनता समाजवादी पार्टीले ऐक्यबद्धता जनाएको छ । मिटरब्याजीहरूले फर्जी तमसुक तयार पार्ने गरेको ऋण भुक्तानीपछि पनि तमसुक नष्ट नगरेको र त्यसैका आधारमा मुद्दा दायर गर्ने गरेको त्यसकारण तमसुक व्यवस्था खारेज हुनुपर्ने पीडितहरूको माग छ । मिटर ब्याज अपराधमा संलग्नलाई कारबाही गर्नुपर्ने झुठा मुद्दामा गिरफ्तार गरिएका पीडितलाई रिहा गर्नुपर्ने र मिटरब्याज अपराधविरुद्ध आवश्यक कानुन निर्माण गर्न नेपाल सरकारसँग माग गर्दछु र साथै देशमा दिनानु दिन बढिरहेको बलात्कार, हत्या, हिंसा, भ्रष्टाचार नियन्त्रण गर्नसमेत नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. । समय ८ मिनेट । त्यसपछि माननीय जयन्ती देवी राई ।

**(११:४४ बजे) माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले यो तेह्रौं अधिवेशनको चौधौं बैठकमा बोल्दै गर्दा यो दस दलीय गठबन्ध सरकारको कामलाई नेपाली जनताहरूले नियालिरहेका छन् । र हामी सबैले देखिरहेका छौं । यो दस दलीय गठबन्धन सरकार मन्त्री कै भागबन्डामा मन्त्री कै लछाचुँडीमा सरकारमै सामेल हुने बारेमा अलमलिरहेको छ । र नेपाली जनताहरू साह्रै निरास छन् । यस्तो खालको कुनै नीति, सिद्धान्त छैन । र कार्यक्रम छैन । यस्तो खालको सरकारको कसरी भरोसा गर्नू? कसरी आशा गर्नू? जसले जे गरे पनि हुने, जसले जे गरे पनि हुने रीतिथितिको विकास भइरहेको छ । हामी भन्दै आएका छौं । यो महङ्गीले सीमा नाघेको छ ।

भारतबाट आएको तरकारीहरू जाँच्ने कुनै संयन्त्र छैन । र जाँच्न पर्दैन भन्ने मन्त्रीहरूको ध्यान त्यसमा गएको छैन । जाँच्न पर्दैन भन्दै नेपाली जनताहरूलाई मन्द विषहरू खुवाइरहेको छ ।

उद्योग, व्यापर ठप्प छ । ब्याजको चाहे त्यो लघुवित्त होस्, चाहे बैङ्किङ होस् । चाहे अहिले चर्चामा आइरहेको गैरकानुनी ढङ्गले आएको मिटर ब्याजी होस् । विभिन्न तवरले जनताहरू आक्रान्त छन् । र जनताका बारेमा सोच्ने र विकासका निम्ति लाग्ने सरकारको उद्देश्य भनेको नेकपा एमालेलाई कसरी एक्ल्याउने र नेकपा एमालेलाई कसरी सानो पार्ने भन्ने उद्देश्य र ध्याउन्तमै तल्लिन छ । यति हुँदाहुँदै पनि मलाई गर्व लाग्छ म आफू नेकपा एमाले हुँ भन्नमा अहिले जनताहरूले भरोसा गरेको एक मात्र पार्टी, नेकपा एमाले भएकोमा म महसुस गरिरा'छु । र यसको ज्वलन्त परिणाम भनेको भर्खरै सम्पन्न स्ववियुको निर्वाचन सम्पन्न भएको छ । युवा विद्यार्थीको र नेपाली जनताको भरोसा भनेको नेकपा एमाले भएको कुरो हामी महसुस गरिरहेका छौं । र यो बेथितिलाई थितिमा ल्याउनको निम्ति नेकपा एमालेको बहुमतको सरकार आवश्यकता नेपाली जनताले ठानिरहेका छन् ।

र हामीले यहाँ हिजो मात्रै सुन्यौं । दाङबाट उडेको सीता एयर नेपालगञ्जमा गएर बिसायो । काठमाडौं आउने यात्रुहरू अलमलमा परेर नेपालगञ्जमै रोक्किनुपर्यो । त्यो जहाज हुम्ला गयो । के यात्रुलाई जानकारी दिनपर्दैन? यही हो हाम्रो कानुनी शासन? त्यसकारणले मिटर ब्याजीहरूले यहाँ थुप्रै कुरा उठिसकेको छ । मिटर ब्याजका नाममा एक लाख लिए भने पाँच लाखको तमसुक बनाउने त्यसलाई दोब्बर र तेब्बर गर्दै चर्को ब्याजले आज मन्छेहरू घरबारविहिन भा'का छन् । र सरकारले गरेको सम्झौता बेलैमा कार्यान्वयन नभ'कै कारणले एघार दिन हिंडेर बच्चाबच्चीसँग काठमाडौं धाउन विवश छन् । र यस्तो खालको परिस्थितिको अन्त्य गर्न सम्बन्धित निकायको बेलैमा ध्यान जाओस् । यो गैरकानुनी ढङ्गले जनताहरूलाई शोषण गर्ने पीडकहरूलाई कडाभन्दा कडा सजाय होस् । र पीडितहरूलाई छानबिन गरी न्याय दिलाउने सम्बन्धित निकायको ध्यान जाओस् भन्ने म माग गर्दछु ।

र यो दस दलीय गठबन्धनको सरकार देशी विदेशीको आक्रमणको निसाना बनेको नेकपा एमाले एक्लै भए पनि साहसका साथ जनताको बिचमा गएर जनताको आखाँको नानी बनिरहेको कुरो म यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

र जुन यहाँ अगि पुस्तकालयको पनि कुरा उठ्यो पुस्ताकालयको बारेमा हाम्रा माननीयज्यूहरूले भनिसक्नुभा' छ । हाम्रो टिमसँगै ग'को थियो । कुरा दोहोरिन सक्छ । त्यहाँको जमलमा भएको पुस्तकालयको जग्गामा बन्ने भवनका बारेमा लेनदेनका सम्झौता नमिलेकै कारण अड्किएको कुरा हामीले सुन्यौं । के सधैंभरि यस्तै कुराहरू सुनिरहने र दिन

बिताउने । हामी केका नै गछौं भनेर आएको सरकारले बेलैमा यसको निराकरण गर्नका निम्ति म माग पनि गर्न चाहन्छु ।

यो दलीय व्यवस्थामा स्वाभाविक रूपले कुनै न कुनै मान्छेहरू एउटा दलमा आबद्ध हुनुपर्ने जरुरी हुन्छ । र हामी नीति, निर्माण गर्ने कुरोमा कस्साकस्सी गरौं । कार्यान्वयन गर्ने कुरोमा एक ढिक्को भएर लागौं । र मात्रै यो देशको मुहार फेरिनको निम्ति सपोर्ट हुने छ । र एकले अर्कालाई भन्नेभन्दा पनि नेकपा एमालेको शासनकालमा के कति विकास निर्माणका कार्यक्रमहरू भए । र के गर्दै थियो नेकपा एमालेले? यहाँहरूले नियाल्न र मनन् गर्न म अनुरोध गर्न चाहन्छु । राम्रो काम गर्दाखेरि समर्थन नपाउने र नराम्रो कामको लागि मिलिजुली खानका लागि विचार सिद्धान्त नमिल्ने दलहरूको बिचमा पनि साँठगाँठ भएर खाने मात्रै मेसो मिलाउने कुरोको विरोध गरौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जयन्ती देवी राई । समय ६ मिनेट । त्यसपछि माननीय डा. विमला राई पौडयाल ।

(११:५३ बजे) **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी पहिले सानो उमेरमा गीत गाउँथ्यौं । "धानै खायो गाई तारी मारीले, गाउँ खायो दाजै गाउँहरू जालीले" भनेर । त्यस्तै गाउँघरका जाली झेलीहरू अहिले पनि त्यतिकै जीवित रहेछन् भन्ने कुरा चैं जुन सप्तरी र सिराहाका

मिटरब्यजको विरुद्धमा आन्दोलन गर्ने सबै त्यहाँका चैं एकदमै त्यहाँका आन्दोलन गर्ने एकदमै निमुखा, गरिब, निमुखा वहाँहरूले बताइसक्नुभो' कि त्यहाँ यस्तो धेरै चैं वहाँहरूप्रति गरिएको र'छ एकदमै त्यो सुन्न पनि नसकिने । हामी त्यहाँ हिजो गएका थियौं । र उहाँहरू ११ दिन हिंडेर जुन सप्तरी र सिराहाका त्यहाँको अत्याधिक रूपमा चैं त्यहाँका महिला र काखमा बच्चा बोकेका । वहाँहरू हेर्दा पनि एकदमै वहाँहरूको त्यो बोल्नै पनि नसक्ने अवस्थाको वहाँहरू त्यहाँ हुनुहुन्थ्यो । जहाँ कि ५० हजार लिएको एक हप्तामा आठ हजार ब्याज तिर्नुपर्ने । ४५ हजार लिएर वहाँहरूले ३ वर्षमा ५ करोडसम्म । यो कुनै वहाँहरूले अब त्यो जुन केही गरौं भनेर बैङ्कबाट लोन लिनुहुन्छ । वित्तीय संस्थाहरूबाट लोन लिनुहुन्छ । त्यसलाई तिर्नको लागि वहाँहरूले त्यहाँका हुने खानेहरूसँग जुन लिनुभयो तर त्यसलाई चैं ब्याजको स्याज, स्याजको स्याज गरेर चैं वहाँहरूको घरबार सबै उठिबास भएर अहिले कुनै विकल्पै छैन । अब

यस्तो स्थितिमा त्यस्ता केही गरिब जनताहरू परेको बेलामा आज म यो सम्मानित सदनबाट गम्भीर ध्यानाकर्षण सरकारको गर्न चाहन्छु ।

र अहिले त्यो कुनै कानुनसम्मत पनि छैन । र हामी यो आजको दिन, आजको युग भनेको हामीले जुन हिजो जुन बेला ब्याज लिने त्यति बेला अब सामन्तवादको युग भन्थिऊँ । सामन्तिहरूले चैं त्यति बेला जनताहरूलाई ठग्ने, त्यति बेला अधियाबाट, ठेक्काबाट सारा यस्ता यस्ता कुराहरू थिए । त्यो त युग सकियो होला । अहिले त हामी त यो समाज विकासको क्रममा पनि हामी पुँजीवादी समाजमा प्रवेश गरिसकेका छौं । तर यो अवस्था छ भन्ने कुरा त हामीले भर्खरै जानकारी भयौं कि त्यसकारणले पनि अहिले हामी गम्भीर ढङ्गले त्यसको समाधान गर्न जानुपर्दछ र लाग्नुपर्दछ । र अहिले त्यहाँ धेरै सङ्ख्यामा चैं त्यहाँ उनीहरू आन्दोलित छन् । र अहिले त्यहाँ वहाँहरू माइती घर मण्डलामा चैं बसिरहुभ'को थियो । त्यसपछाडि वहाँहरूलाई त्यहाँबाट पनि अहिले यो नगरपालिका, स्थानीय बालेन सरकारले वहाँहरूलाई लखेटेर अहिले जुन ऊमा हुनुहुन्छ उहाँहरू चैं । अनामनगर, अनामनगरमा वहाँहरू बसिरहनुभा' छ अहिले । र विभिन्न सङ्घ, संस्थाहरूले केही सहयोग गरेर वहाँहरू खाने, बस्नेको व्यवस्था गरिरहनुभा' छ ।

त्यसो भ'को कारणले आज हामीले यो समस्या भनेको चैं कैयौं त्यस्ता निमुखा मान्छेहरूले आज मर्नबाहेक अरू कुनै विकल्प छैन र उहाँहरू छटपटिरहेको स्थिति छ । र यो अवस्थाको चैं अन्त्य हामीले गर्नैपर्छ । र अहिले वहाँहरूलाई तुरुन्तै उहाँहरूको त्यो जुन जति डुबेको रकम छ त्यो सरकारले वहाँहरूलाई चैं त्यसको क्षतिपूर्ति दिने हो कि अथवा सरकारले त्यो अपराधीहरूबाट लिएर गर्ने हो कि यो सरकारले तुरुन्त त्यो व्यवस्था गर्नुपर्दछ । र हाम्रो पार्टी नेपाल कम्युनिष्ट एकीकृत समाजवादीले अस्तिको दिनको बैठकमा यसलाई गम्भीरताका साथ निर्णय गरेको छ । र दोषीमाथि कडाभन्दा कडा कारबाही गर्ने र पीडितमाथि क्षतिपूर्तिको व्यवस्था गर्ने भन्ने हाम्रो पार्टीको एकदम स्पष्ट धारणा छ । र सबै राजनीतिक दलको धारणा पनि यसरी जानुपर्यो । र सरकारको पनि यस विषयप्रति गम्भीरताका साथ लागनुपर्छ भन्ने म भन्न चाहन्छु ।

र अघि प्रमिला माननीयज्यूले भन्नुभएजस्तै ठिक छ । आज जनताहरूले १ नम्बर प्रदेशमा आफ्नो एउटा माग लिएर उठे । जुन प्रदेशको नामाकरणको नाममा वहाँहरूले एउटा आन्दोलन गर्नुभो' । आन्दोलन गर्नुभो' । त्यो प्रदेश वहाँहरूले भनेको दिनैपर्छ भन्ने कुरा होइन सरकारले । तर के हो भने मान्छे मार्न त पाइँदैन नि । मार्न त पाइँदैन नि । त्यहाँ मान्छे मरेको छ । धेरै मान्छेहरू घाइते छन् । अहिले पनि आन्दोलित छन् । त्यसको बारेमा

सरकारले ल्याएर उनीहरूसँग कुराकानी गरेर के सम्भव छ यो क्षतिपूर्तिबाट चैं बचाउन पर्यो नि । अनाहकमा अहिलेको लोकतन्त्रमा मान्छेहरूले, जनताहरूले आफ्नो कुरै राख्न नपाउने स्थिति त होइन । र मार्न पाइने अवस्था पनि होइन होला नि । अनि त्यहाँ मान्छे मरेको छ । त्यहाँ चैं उसकै कारणले मर्या छ भन्या छ । मान्छेहरूलाई आफूलाई लाग्छ कसैलाई सबै मागहरू ठिक लाग्दैन होला तर आफ्नो माग त राख्न पाए । मार्न त पाइँदैन । के मार्न पाइन्छ भन्ने छ र अहिलेको कानुनमा? यो लोकतन्त्रमा बोल्न पाइँदैन? त्यसकारणले म यो कुरा पनि सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । र तुरन्त त्यो आन्दोलनमा ध्यानाकर्षण होस् र त्यहाँ आन्दोलनकारीहरूसँग सरकारले केही न केही सम्झौता गरेर त्यो समस्या समाधान केसम्म गर्न सकिन्छ त्यो पहल गरोस् भन्न म चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर विमला राई पौडयाल । समय ५ मिनेट । त्यसपछि माननीय दुर्गा गुरुङ्ग ।

(११:५९ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी सबैलाई एउटै विषयवस्तुले तानेको जस्तो लागेको मलाई । मिटरब्याज पीडित महिला पुरुषहरू यहाँ हुनुहुन्छ । म पनि हिजो पनि हामीसँगै गएका थियौं । केही महिला सांसदहरू र त्यसैको आधारमा । यहाँ आफ्ना केही भनाइहरू राख्न चाहन्छु । पूर्ववक्ता माननीयज्यूले गीत उक्काइसक्नुभा'को छ । हामी करिब ३५ वर्ष, ४० वर्ष अगाडि गाउँमा हुँदा गाएको गीत हो । पञ्चायती व्यवस्था थियो । त्यति बेला गाउँमा तमसुक लेख्ने भन्थे । र गाउँका जमिनदारहरूले विशेष गरी पञ्चहरूले जो अलिकति हुने खाने हुन्थे । अनि गरिब निमुखाहरूलाई विशेष गरीकन खान लाउनै नपुग्ने ल्यान्डलेस खालका घर, जग्गा, जमिन नभएकाहरूलाई मर्दा पर्दा बिरामी पर्दा केही रकम दिने त्यसको सट्टामा तमसुक बनाउने । अनि तमसुकमा ५ हजार भनेको छ भने ५० हजार बनाउने भनेर त्यति बेला हामीले एउटा नाटक नै देखाउथ्यौं ५० रुपियाँको तमसुक त्यो बेला त्यस्तै थियो । अनि हामी पञ्चायती व्यवस्थाको कारणले गरिबहरूले न्याय नपाएका हुन पञ्चायती व्यवस्थाको कारणले यो थिचो मिचो भएको हो भनेर ती गरिबहरूलाई पञ्चायती व्यवस्था फाल्नको लागि एक जुट हुनुपर्छ । सङ्घर्षशील हुनुपर्छ भनेर उनीहरूमा जनचेतना जगाउनको लागि गाइने गीत थियो ।

धानै खायो गाई तारी मालीले,

गाउँ खायो गाउँघरका जालीले ।

खेती मिच्यो बैमानी डापीले,

गरिब मार्यो दाइ घुस खाने पापीले ।

मैना चरी रुँदै छ धरधरी,

गरिबको दाइ खोसियो घरबारी ।

यही गीत गाउथ्यौं । र तिनै गरिबहरूको साथ लिएर पञ्चायती व्यवस्था फालेको हो । अनि त्यसपछि तिनै गरिबहरूको साथ लिएर हाम्रो देशमा त्यसपछि थुप्रै खालका आन्दोलनहरू भए । पञ्चायती व्यवस्था गएपछि बहुदलीय व्यवस्था आयो त्यसपछि १० वर्ष जनयुद्धमा फेरि पनि देश होमियो । १७ हजार मान्छे मरे भनेर हामीले अझै टाउको गनिराखेका छौं । त्यति बेला मरेकाहरूको अनि त्यसपछि फेरि लोकतन्त्र गणतन्त्र के के तन्त्रहरू आए आए । तर अहिले पनि गाउँमा तमसुक लेखेर निरक्षक विशेष गरी महिलाहरू निरक्षर महिलाहरूलाई सही गराएर घर खेत लुट्ने काम भई नै राखेको रइछ । हिजो त्यो महिलासँग भेट्न जाँदाखेरि मुख देखाउन पनि लाज भयो । किनभने वहाँहरूलाई नै जनचेतना जगाएर हैन यो गणतन्त्र, लोकतन्त्र ल्याको अनि अहिले पनि हामी त्यो ठाउँमा छौं । वहाँहरू त्यही ठाउँमा हुनुहुन्छ । कति जनालाई थाहा पनि छैन । छोराको खुट्टा भाचियो । ऋण लिएर आएँ । डेढ लाख रुपियाँ ऋण लिएको १ लाख रुपियाँ त तुरुन्तै तिरेको हो । त्यो पनि कागज छैन । ५० हजारको ६३ हजार ब्याज तिरिसकें भन्नुहुन्छ । श्रीमान् विदेशमा छन् । जति पैसा पठाउँछ त्यो सबै ब्याजमा तिर्ने हो । अनि घरखेत पनि गयो । यो भइराखेको छ भनेर वहाँहरू पटक पटक काठमाडौं आउनुभा'को थियो । यसपालि हिँडेरै आउनुभा'को छ । खुट्टा भुटाएर आउनुभा'को छ । वहाँहरू आउनुहुँदाखेरि अहिले कहीं ७३ जना आउनुभएको त्यसमा ४३ जना महिला हुनुहुन्छ । ७ जना दुधे बालबालिका पनि लिएर आएनुभएको छ । वहाँहरूले दुःख बिसाउन आउनुभएको थियो । दुःख काठमाडौंलाई देखाउन आउनुभएको थियो । र यो दुःखको केही औषधि पाइन्छ कि भनेर आउनुभएको थियो । पहिलो खुट्किलो दाँतमा ढुङ्गा लाग्यो भन्छ नि त्यो ढुङ्गा लागेको खुल्ला मञ्चमा बस्न दिइएन वहाँहरूलाई । खुल्ला मञ्च काठमाडौंको मात्रै पेवा रहिछ । मधेसबाट आउने मधेसी महिलाहरूले त्यहाँ खुट्टा टेक्न नपाउने आफ्नो दुःख सहन नपाउने त्यो एउटा गयो । त्यसपछि अब अहिले वहाँहरू त्यो तमु सेवा समाजमा असमाजमा बस्नुभा' छ । तीनटा इस्यूहरू छन् । जुन कुरामा अहिले यहाँ प्रष्ट रूपमा राख्न चाहन्छु ।

पहिलो कुराः कार्यदल बनाएको सरकारले भन्ने कुरा हामीले सुनेका छौं । कार्यदल के गर्दै छ? यो कुरा एकदमै प्राथमिकतामा राखेर कानुन कहाँनिर संशोधन गर्नुपर्छ । कानुन

संशोधन गर्नुपर्यो । मेरो बुझाइमा मिटर ब्याजलाई संविधानले पनि चिन्दैन । हाम्रो अर्थतन्त्रले पनि चिन्दैन । कानुनले पनि चिन्दैन । नचिन्ने कहाँबाट आयो । अनि हामीले किन त्यसलाई औपचारिकता दिइराख्या छौं मलाई त्यो थाहा छैन । (अध्यक्षज्यू, मलाई १ मिनेट समय दिनुहोला ।)

अब, दोस्रोः कानुन छैन भने ल्याउनुपर्यो । कानुनले प्रतिबन्ध गरेकै कुरा हो मलाई त कानुनले नचिन्ने कुरालाई फेरि कानुन बनाउनुपर्छ जस्तो लाग्दैनँ । लाग्छ भनेदेखि अहिले कहाँ कहाँ सम्झाउनुपर्ने हो कहाँ कहाँ सच्याउनुपर्ने हो त्यो सच्याएर तुरुन्तै ल्याउनुपर्यो, नम्बर वान ।

नम्बर वान टु, हिजो हामी जाँदाखेरि त्यहाँको महिलाहरूले के भन्नुभयो भने नि माननीयज्यू, वहाँहरू दलका कार्यकर्ता हुन । वहाँहरू दलका नेताहरू हुन, वहाँ सीडीओलाई चिन्नुहुन्छ, वहाँहरूले पुलिसलाई चिन्नुहुन्छ । त्यसकारण हामीले न्याय पाउछौं? प्रश्न थियो । हामी दलका कार्यकर्ताले हामीले संरक्षण गरिरा' छौं । दलहरूले बोल्नुपर्यो । सबै राजनीतिक दलहरूलाई च्यालेन्ज हो यो । सबै राजनीतिक दलहरूले आफ्ना दलबाट त्यस्ता काम भएका छन् भने आफूले संरक्षण गरेका आफ्ना भोटरबाट आफ्ना समर्थकबाट भएका छन् भने त्यो हुन दिनुभएन । त्यो काम राजनीतिक दलले गर्नुपर्यो ।

र तेस्रो अन्तिम कुराः जनचेतनाको कुरा छ । वहाँहरूलाई पनि थाहा छैन । त्यो गैरकानुनी हो भनेर । हामीसँग सञ्चार मन्त्री यहीं हुनुहुन्छ । विभिन्न सामग्रीहरू बनाएर लेर जानुपर्यो । यो गैरकानुनी हो । तिमीले लोन यसरी दिन पनि मिल्दैन । तिमीले लोन दिन पनि मिल्दैन । ब्याज तिर्न पनि मिल्दैन भन्नुपर्यो कागजको चिर्कटोमा घरखेत खोस्न मिल्दैन । गैरकानुनी हो । यो कुरा जनचेतना पुगेको छैन । यो कुरा पनि लैजानुपर्यो भनेर मैले यहाँ अनुरोध गरें । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दुर्गा गुरुङ्ग । समय ५ मिनेट । त्यसपछि माननीय सोनाम गेल्जेन शेर्पा । (सरी) । नन्दा चपाई ।

**(१२:०६ बजे) <u>माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, देश स्थानीय तह तथा प्रदेश र सङ्घको चुनाव सम्पन्न भयो । सफलतापूर्वक चुनाव सम्पन्न भई आएको नतिजाअनुसार देशले नयाँ प्रधानमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख नेपालको संविधान (२०७२) बमोजिम पाइसकेको । अब मुलुक विकास, समृद्धितिर अगाडि

बढिरहेको छ । शान्ति विकास र समृद्धिलाई अगाडि बढाउने क्रममा द्वन्द्व पीडितहरूको न्याय र व्यवस्था गर्न पर्ने चुनौती पनि रहेको कुरा गम्भीर ध्यानआकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, विक्रम २०७२ फागुनदेखि २०६३/०५ गते सम्ममो द्वन्द्वमा परी सत्र हजार आठ सय छयासी व्यक्तिले ज्यान गुमाउनुपर्यो । दुई हजार पाँच सय एक्काइस जना व्यक्ति बेपत्ता पारिएका छन् । कति महिलाहरू यौन हिंसा बोकेर घरबारविहीन भएका छन् । नेपाल सरकार र नेकपा माओवादीले २०६३ सालमा विस्तृत शान्ति सम्झौता हस्ताक्षर गर्दा उनीहरूले अन्तर्राष्ट्रिय कानुनका केही प्रमुख सिद्धान्तहरूको पालना तथा सम्मान गर्ने कुरामा प्रतिबद्धता जनाएका थिए । जसमा द्वन्द्व समयमा भएका घटनाका सम्बन्धमा सत्य तथ्य थाहा पाउने र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा मानवीय कानुनको गम्भीर उल्लङ्घनका पीडितहरूको न्याय र परिपूरण दुवै पाउने कुराको सुनिश्चित गर्ने कुराहरू थिए । संविधान निर्माणसँगै देश विकास र समृद्धिमा अगाडि बढिरहेको अवस्थामा गम्भीर विषय द्वन्द्व पीडितको सही न्याय र व्यवस्थापन हुन सक्नु पनि हाम्रो सामु चुनौतीको विषय हो ।

सम्माननीय अध्यक्षज्यू, द्वन्द्वका रात तात झिल्कहरूले बस्ती बस्ती र गाउँगाउँमा पोलेको र त्यो पोलाइको झिल्काले स्वयम् मलाई पनि पोलेको थियो । मेरो परिवार बसेर खाना खान गरेको अवस्थामा माओवादी पक्षबाट मिति २०५८/०९ (पुस) २७ गतेका दिन मेरो घरमा खाना खाइरहेको श्रीमान्लाई गोली हानी हत्या गरिएको थियो । मेरो सिन्दुर पुछियो । मेरो एक मात्र छोरा टुहुरो भयो तर देशमा द्वन्द्व सकियो शान्ति छायो । मेरो मनमा भने त्यो घटनाले द्वन्द्व जन्मायो र आजसम्म शान्ति नै भइरहेको छैन । द्वन्द्वको पीडा कस्तो हुन्छ भनेर मैले महसुस गरेको छु, बुझेको छु । त्यसैले कयौं आमाहरू, दिदी, बहिनीहरूको सिन्दुर पुछिएको छ । बबाआमाहरू सन्तानविहीन भएका छन् । घाइते भएका छन् । शारीरिक तथा मानसिक रोगी भएर केही गर्न नसकेर औषधीसम्म खान पाएका छैनन् । देशमा संविधान बन्यो शान्ति छायो । तर ती द्वन्द्व पीडितहरूलाई कती पनि शान्ति छाएको छैन् । त्यसैले यो देशको नागरिक भएको महसुस गर्न र शान्ति भएको महसुस गराउन नेपाल सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग बेपत्ता व्यक्ति छानबिन आयोगसँग सत्य तथ्य विवरण लिई न्याय दिलाउन र व्यवस्थापन गर्न गम्भीर ध्यानआकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, विक्रम सवत् २०५२ देखि २०६३ सालसम्म चलेको द्वन्द्वमा माओवादी पार्टीको नेतृत्वको प्रमुख भएर सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल "प्रचण्ड"ज्यूले गर्नुभएको र संविधान निर्माणपश्चात् आज हामी २०७९ सालमा आइपुग्दा नेपाल सरकारको प्रधानमन्त्री पनि श्री पुष्प कमल दाहाल "प्रचण्ड" नै हुनुभएको विस्तृत शान्ति

सम्झौताअनुसार द्वन्द्व पीडितहरूलाई न्याय दिलाउन र सही व्यवस्थापन गरी यो गम्भीर विषयको सहज वातावरण गरेर द्वन्द्व पीडितहरूको घाउमा मलम मात्र होइन घाउ नै निको पार्नका लागि प्रधानमन्त्रीको महत्त्वपूर्ण भूमिका खेलेर द्वन्द्वको घाउँ समाप्त पार्न सम्माननीय प्रधानमन्त्रीलाई अनुरोध गर्दै गम्भीर ध्यान आकर्षण गराउन पनि चाहन्छु । हस्वत, धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नन्दा चपाई । समय ६ मिनेट । त्यसपछि माननीय सोनाम गेल्जेन शेर्पा ।

(१२:११ बजे) **<u>माननीय श्री नन्दा चपाई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय सभाअध्यक्ष महोदय, आज तेह्रौं अधिवेशनको चौधौं बैठकमा आफूले केही कुराहरू राख्ने समय प्राप्त भएको छ । यसै समयमा धेरैपटक कहिले सत्तापक्ष त कहिले प्रतिपक्षमा बसेको लामो अनुभव पनि छ । यस्तै अनुभवका साथ धेरै कुराहरू बुझ्न र धेरै कुराहरू देख्न पनि पाइएको छ । हामीले मिति २०७२ सालको संविधानले निर्दिष्ट गरेको लोकतान्त्रिक गणतन्त्र प्राप्तिपछि दुईओटा निर्वाचन सम्पन्न गरेसँगै राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन पनि सम्पन्न गरेको अवस्था छ । देशमा सङ्घीयता लागु भएको छ । तीनै तहको निर्वाचन भएको छ । तीनै तहको निर्वाचनले जनताको प्रतिनिधित्व गर्ने तीन तहले प्रतिबद्धता जाहेर गरेको अवस्था पनि छ । प्रतिबद्धता जाहेर गरेको झन्डै सात वर्ष बितिसकेको छ । २०४६ सालको निर्वाचनपश्चात् आएका सबै पार्टीका सरकारलाई जनताले बहुमत दिएर परीक्षण गरिसकेको अवस्था छ । तर कुनै पनि पार्टीले कुनै पनि बेला सरकार प्राप्ति गरिरहँदा बहुमतको सरकार पूरा समय टिकाइरहेको अवस्था छैन ।

जनताको चाहनाअनुरूप दुर्गम क्षेत्रेका जनताले पनि गणतन्त्र आएको महसुस गर्नुपर्थ्यो, स्वतन्त्र भएको महसुस गर्नुपर्थ्यो । दुर्गम क्षेत्रका जनताले गणतन्त्रको अपनत्व कायम गर्नुपर्थ्यो । कार्यकर्तालाई गणतन्त्र प्राप्तिको अपनत्व कायम भएको अवस्था छैन । विकास निर्माण कहाँ, कसरी भएको छ? कसको लागि भएको छ? ती सङ्घर्षशील जनतालाई जानकारी छैन । प्रत्येक वर्ष ज्येष्ठ १५ गते बजेट भाषण हुन्छ । जनताले दुर्गम ठाउँबाट कान थापेर सुनिरहेका हुन्छन् । तर बजेट भाषण भइरहँदा बजेट कहाँ जान्छ? जहाँ मन्त्रीज्यू हुनुहुन्छ, जहाँ पहुँचवाला माननीयज्यूहरू हुनुहुन्छ, त्यसै ठाउँमा बजेट गएको अवस्था छ भने जुन विकास निर्माण हुनुपर्थ्यो विकास निर्माणदेखि धेरै भोको दुर्गम क्षेत्र छ । त्यस क्षेत्रमा विकास निर्माण भएको छैन ।

अर्कोतर्फ जीवनको बाजी राखेर आफूले बहुमत दिँदै सर्वसाधारणलाई बहुमत दिलाउन पठाएका जनसमुदायहरूको बेहाल र बिच्चली देखिन्छ । बहुदल प्राप्तिपछि पालैपालो सबै पार्टीको बहुमतको सरकार बन्यो तर कुनै पार्टीले पनि आफ्नो सरकारलाई समय अवधिसम्म टिकाउन नसक्नु दुर्भाग्य हो । यो सधैं भिनएकै कुरा हो । भने पछिल्लो समयमा देश र जनताको मुक्तिको खातिर लड्ने श्रमजीवी र सर्वहाराको पक्षमा आवाज उठाउने नेपाल कम्युनिष्ट पार्टी, एमालेलगायतका कम्युनिष्ट पार्टीहरू नै हुन् भनेर जनताले २०७४ को संविधानसभामा अत्याधिक बहुमतको सरकार बनाउन पुगेका थिए । तर जनताले दिएको बहुमतको मूल्य भएन । जनताले दिएको मतको अपमान गर्दै कम्युनिष्ट पार्टीलाई बहुमतको सरकार पचेन । पाच्य भएन । यसै समय दुई दुईपटक सदन विघटन हुनु, लामो समयसम्म संसद अवरोध हुनु । यिनै कारणले गर्दा जनतामा वितृष्णा जागेको कारण, जनता आजित भएकै कारण यो समाजमा कहिल्यै पनि जनताको पक्षमा आवाजै नउठाएको । जनताको पक्ष भन्ने के हो भन्ने थाहै नभएको एउटा समूहको उपस्थित भएको छ । यसको जिम्मा मलाई लाग्छ कम्युनिष्ट पार्टीले लिनुपर्छ । जनताबाट तिरस्कृत भइसकेको, जनता जनताबाट परास्त भइसकेको, राजतन्त्रको शिर उठ्नु भनेको यसको जिम्मा कम्युनिष्ट पार्टीका शीर्ष नेताहरूले लिनुपर्छ र शीर्ष नेताले मात्र होइन यसको ७५ प्रतिशत जिम्मा नेकपा एमालेले लिनुपर्छ । होइन भने होसियार नेताज्यूहरू जसकेलाबाट बाघलाई लखेटिरहँदा ढोकाबाट ब्वाँसो पसेर सर्वस्व गर्ला । यसपट्टि नेताज्यूहरूको ध्यान जाओस् भन्न चाहन्छु ।

आज हामी संसदमा विकास निर्माणका कुरा गरिरहने बेला, जनताले कहाँ दुःख पाइरहेका छन् भनिरहने बेला हामीलाई उठाउनुपरेको छ । जति बेलाको अवस्थामा पनि, जसको सरकार आउँछ अर्को पार्टी मिल्दा सायद त्यो सरकार गठबन्धनको सरकार एउटा अपवित्र भइजाने आफूसँग मिल्दाखेरि एकदम राम्रो हुने यो जोसुकैको भनाइ छ । यो गरिमामय सदनले यो सुन्न नपरोस् भन्न चाहन्छु । यो साँच्चै हो भने ७० वर्षसम्म जनताको पक्षमा लडेर राजतन्त्रको अन्त्य गरेको के सुखानीका सहिदहरूले दिएको निर्देशन यही हो? के सुखानीका सहिदहरूले राजतन्त्रलाई फेरि निम्त्याउनको लागि सूर्य चिह्नमा रहेका जनतालाई त्यो भोट हालेर राजतन्त्रको मान्छेलाई जिताऊ भनेर भनेका थिए? सुखानीका जङ्गलका सहिदहरूको सराप लाग्ने छ । कम्युनिष्टहरू यो सोच्न बाध्य हुनुपर्छ । मलाई लाग्छ अब काँग्रेसले अथवा कुनैले धोका दियो भन्न पाइन्न । कम्युनिष्ट पार्टीले नै यसको जिम्मा लिनुपर्छ र यदि साँच्चै जनताको पक्षमा लड्नु नै हो भने कम्युनिष्ट पार्टी एक हुनुपर्छ । हैन भनें हेक्का रहोस् । भोलि कपालमा हात लाएर रुने काम होला । म अन्तमा यही भन्न चाहन्छु । हवस् त, धन्यवाद । लालसलाम ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सोनाम गेल्जेन शेर्पा । समय ८ मिनेट । त्यसपछि माननीय राधे श्याम पासवान ।

**(१२:१८ बजे) <u>पुनः पीठासीन</u>**:- सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना ।

**(१२:१८ बजे) <u>माननीय श्री सोनाम गेल्जेन शेर्पा</u> <u>(नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, अहिले मलाई मिटरब्याजीको सम्बन्धमा के कुरा भन्न मन लाग्यो । हाम्रो गाउँमा पनि चल्थ्यो । तलतिरको अलि हाम्रो गाउँभन्दा तलतिर के चल्थ्यो भन्दाखेरि त्यो बेला अंक्षेरेपि भनेर लेख्ने चलन थिएन । अङ्कमा लेखिन्थ्यो । अनि केही कोसेली नलगीकन अर्को वर्ष गयो भने यसपालि त कोसेली केही ल्याएन छौं एउटा सुन्ना थपौन भन्थ्यो । सयमा सुन्ना थपेर हजार बनाउँथ्यो । फेरि अर्को वर्ष गएर कोसेली लगेन भने फेरि अर्को सुन्ना थप्दिन्थ्यो । त्यसै गरी राख्ने चलन थियो । तर दुर्भाग्य भन्न पर्छ । हामी कुन पद्दतिमा चाहिँ अब पुग्दैछौं? हामीले एउटा जुलुस नलगाईकन, बालबच्चा नलगाईकन, यहाँ सिंहदरबार नघेरीकन हाम्रो जिल्लामा प्रशासनहरू छैन्? सीडीओ छैनन्? पुलिस छैनन्? त्यहाँ उजुर गर्न सकिँदैन? केही न केही मुद्दाहरूलाई त्यहाँ सम्बोधन गर्न सकिँदैन? तर सम्बोधन नहुने जहिले पनि काठमाडौंमा आउने जुलुस गर्ने या मण्डालामा चाहिँ गरेर जुलुस नगरीकन गृह मन्त्रालयको गाडी दुई तीनओटा नतोडीकन हाम्रो सुनुवाइ नहुने । यो कहिलेसम्म रहने हो? हाम्रो प्रणाली यस्तै हो? हाम्रो जवाफदेहिता छैन? सरकारको जवाफदेहिता छैन? सरकार भनेको त जवाफदेहिता हुनुपर्यो । सरकारलाई त निवेदन दियो भने सरकारले सुनुवाइ गर्नुपर्यो । तब विदेशतिर हेर्नुहोस् । एउटा राष्ट्रपतिलाई साधारण जनताले चिठ्ठी लेख्यो भने कति जवाफदेहिता हुन्छ । त्यहाँको राष्ट्रपतिले त्यो जनताप्रति उत्तरदायी भएर त्यो चिठ्ठीको चाहिँ इमेलबाट नै उत्तर दिने गरिन्छ । तर हाम्रो नेताहरूको जवाफदेहिता कस्तो छ? हाम्रो सरकारको जवाफदेहिता कस्तो छ? यो हामीले बुझ्न जरुरी छैन? हामी चिच्याइरहेका छौं संसदमा । दुर्भाग्य हामी त कानुन बनाउने मान्छे हौं । तर आज मिटरब्याजीको विषयमा हामी चिच्याउनु परेको छ । किनभने सरकार जवाफदेही नभएको कारणले ।

आज देशको परिस्थिति यस्तो छ । जहाँ पनि राजनीतिकरण भ'को छ । राजनीति आत्मकेन्द्रित भ'को छ । व्यक्तिवादी भएको छ । सैद्धान्तिक राजनीति कसैसँग छैन । न एमालेको कुरा गयौं र एमालेको कुरा गर्ने हो या कुनै काँग्रेसको कुरा गर्ने हो । या कुनै उसको

राप्रपाको कुरा गर्ने हो । कुनै पनि राजनीतिक सैद्धान्तिक रूपमा अडिग छैन ।गठबन्धनसँग तालमेल हुन्छ । गठबन्धनसँग तालमेल भइसकेपछि राजनीतिक सिद्धान्त कहाँ रहन्छ? त्यसकारण सबैभन्दा ठुलो कुरा त हाम्रो राजनीतिक सिद्धान्त हुनुपर्यो नि? हामी कुन मोडमा जाँदै छौँ? त्यसलाई आज यहाँ गठबन्धन भा'को छ । भित्रभित्रै राजनीतिक दलहरू एक ठाउँमा पुगेको छ । आज प्रधानमन्त्रीले सपथ खानुभा'को कति भो'? आजसम्म सरकार बनेको छैन । गृह मन्त्रालय छैन । मान्छेको जुलुस छ त्यहाँ, अनशन गरिरहेको छ । यसको जवाफदेहिता कसले लिने? त्यसकारण सबैभन्दाखेरि राज्य कस्तो हुनुपर्छ? राज्य जवाफदेहिता हुनुपर्छ । राज्य जवाफदेहिता नभईकन हामी केही कुरा गर्न सक्दैनौं । सबैभन्दा ठुलो कुरो राजनितिक स्थिरता हो । राजनीतिक स्थिरता देशमा हुन सकेको छैन ।

राजस्व घटेको छ । हामीले अनुमान गरेको राजस्व उठन सकेको छैन । विदेशी मुद्राको सञ्चित घटेको छ । अर्थतन्त्र डामाडोल छ । अर्थतन्त्र डामाडोल भइरहेको अवस्थामा पनि आज केही जमाहतहरू सडकमा आएर बैङ्कको ब्याज तिर्नुपर्दैन, बैङ्कको ऋण तिर्नुपर्दैन भनेर अर्थतन्त्रमाथि प्रहार भइराखेको छ । यो भनेको राज्य फेलर हुने स्थितिमा जाँदै छ भन्ने कुरा हामीले बुझ्न जरुरी छ । त्यसकारण सबैभन्दा हामीले बुझ्नुपर्ने कुरा के हो भन्दाखेरि अर्थतन्त्रमाथि एटेक हुन्छ । अनि राज्य फेलर हुनेतर्फ उन्मुख हुन्छ । त्यो मान्छेहरूलाई कारबाही गर्न सकेको छैन । तर एक दुई जना युवाले प्रधानमन्त्रीको विरुद्ध नारा लगायो, मुख्यमन्त्रीको विरुद्ध नारा लगायो भनेर त्यसको मुख छोपिने काम गर्या छ । त्यसलाई एरेस्ट गर्ने काम गर्या छ । जिल्ला प्रशासनमा लगेर चाहिँ मुद्दा चलाउने काम गरेको छ । तर त्यो देशलाई डामाडोल पार्ने, आर्थिक डामाडोल पार्ने नियतले आ'को सडकमा आ'को मान्छेलाई कारबाही गर्ने हिम्मत सरकारले गरेको छैन । त्यसकारण योतर्फ सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु ।

भर्खरै म सुन्दै छु । यहाँ हाम्रो न्यायक्षेत्रमा पनि राजनीतीकरण भइसक्यो । एउटा सैनिक क्षेत्रमा राजनीतीकरण भएको छैन । सैनिकलाई पनि राजनीतीकरण गर्न खोजिएको छ । केही एनजीओहरूले सैनिकको सङ्ख्या यति हुनुपर्यो, उति हुनुपर्यो भनेर बहस चलाउन थाल्या'छ । त्यो भनेको नेपाली सेनालाई पनि राजनीतीकरणमा चाहिँ डचोर्याउन खोजिराको' छ । यो कुरामा हामी सबै सचेत हुनुपर्छ ।

देशको सर्वोच्च निकाय, सर्वोच्च न्यायिक निकाय सर्वोच्च अदालत अहिलेसम्म नेतृत्वविहीन छ । प्रधानन्यायाधीश नियुक्त गरेको छैन । योभन्दा दुर्भाग्य के हुन सक्छ ।

न्याय कहाँ खोज्न जाने? त्यसतर्फ पनि राज्यले सोचोस् । सरकारले सोचोस् । संवैधानिक परिषद्ले सोचोस् । योतर्फ पनि हामीले ध्यान दिन जरुरी छ ।

म त अहिले यहाँ राष्ट्रिय सभामा हामीले मर्यादाक्रमको लागि एउटा विधेयक ल्याएरा'का छौं । हामीले त्यो विधेयक हामीले प्राप्त गरेका छौं । त्यो विधेयकमा पनि न्यायालयलाई अवमूल्यन गरेर प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको सभाध्यक्षभन्दा प्रधानन्यायाधीशलाई तल मर्यादाक्रममा राख्ने प्रयास गरिएको छ । यो राम्रो कुरा होइन किनभने इन्टरनेस्नल मापदण्डहरू हेर्नुहोस् । इन्टरनेस्नल प्राक्टिसहरू हेर्नुहोस् । त्यहाँ पनि सभामुख र अपर हाउसको अध्यक्षलाई प्रधानमन्त्री मर्यादाक्रममा र प्रधानन्यायाधीशभन्दा तल राखिने गरिएको छ । इन्डियामा हेर्न जानुहोस् । इन्डियाको तर्क गर्ला त्यहाँ चाहिँ इन्डियामा के हुने गर्या रहिछ भने राष्ट्रिय सभा या अपर हाउसको अध्यक्ष चाहिँ उपराष्ट्रपतिले गर्ने गर्या छ । तर उपराष्ट्रपतिले गर्दा पनि सभामा चाहिँ उहाँले अध्यक्षता गर्नुहुन्छ । तर बाहिर जादाँखेरि चाहिँ उहाँ उपराष्ट्रपति भनेर मर्यादा क्रममा त्यसरी तोकिनुहुन्छ । त्यसकारण हामीले पनि हामी जनप्रतिनिधि भएको हैसियतले इमान्दारपूर्वक काम गरौं । राष्ट्रिय सभाले पनि इमान्दारपूर्वक काम गरौं । त्यसकारण यस्तो न्याय क्षेत्रलाई नै अवमूल्यन हुने काम हामी कसैबाट नगरौं । यसले हामीलाई फाइदा गर्छ । हामी त सुशासन कायम गर्न आ'का हौं । हाम्रो राजनीतिक भविष्य कति छ के छ? हामी, म जान्दिनँ । हामी ५ वर्षको लागि आ'को छौं । राम्रो काम गरेर जाऊँ । आफू केन्द्रित कानुनहरू नबनाऊँ । जनता केन्द्रित कानुनहरू बनाऊँ । देश केन्द्रित कानुनहरू बनाऊँ । राज्यलाई कसरी फाइदा हुन्छ । र त्यस्तो खालको केन्द्रित कानुनहरू बनाऊँ ।

आज शैक्षिक गुणस्तर हेर्ने हो भने कस्तो छ नेपालको? सबै ठाउँमा राजनीतीकरण गर्न शैक्षिक गुणस्तर कस्तो छ । लाखौं युवा अरबौं पैसा बोकेर विदेश गइरा'को छ । पढ्नका लागि । बेरोजगारी छ । लाखौं युवा विदेशीयको छ । यो मुद्दाहरूलाई सम्बोधन गर्नेतिर हामी लाग्छौं कि लाग्दैनौं? यो मुद्दामा सम्बोधन गर्नको लागि जबसम्म हामी लाग्दैनौं र अर्को कुरा हामी राजनीतिक स्थिरता जबसम्म कायम गर्न सक्दैनौं । हाम्रो दुर्भाग्य यस्तै नै हो । त्यसकारण हामी सबै देशको लागि लागौं । समाजको लागि लागौं । नियोजित समाज निर्माण गरौं । कुनै पनि जनताले एउटा निवेदन दिएको भरमा राज्यले सुनुवाइ गर्ने एउटा प्रणालीको विकास गरौं । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय राधे श्याम पासवान । समय १० मिनेट ।

(१२:२६ बजे) **मानननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामीले व्यवस्था बद्लियौं तर अवस्था बद्लिन सकेनौं । अध्यक्ष महोदय, हामी ०४६ सालमा पनि आन्दोलन गर्यौं । ०४७ को संविधान बन्यो हाम्रो देशमा सातपटक संविधान बन्यो । राजनीतिक दलहरूले भनेका एजेन्डाहरूमाथि आफ्नो ऐक्यबद्धता दिने काम हामीले गर्न सकेका छैनौं । अहिले भर्खरै हामी धेरै माननीयज्यूहरूले त मिटर ब्याजीको कुरा गर्नुभो' यो दोहोरिन्छ, तेहेरिन्छ । यो समस्या मधेसमा सबभन्दा बढी अहिले आएको छ । मधेसमा यसकारण बढी हो कि मान्छे यतिसम्म शोषण गर्छन् । कि पीडितहरू श्रम र मानसिक टर्चरसम्म भएको छ वहाँहरूको जुन अहिलेका जुन हाम्रा मधेसका लगभग७५ जना जति पैदल गरेर काठमाडौं आउनुभा'को छ । वहाँहरू अस्ति मातादेवीमा म पनि भेट्न गा' थिएँ । वहाँहरूसँग चन्द्रगिरी नगरपालिकामा वहाँको कुरा सुन्दाखेरि दर्दनाक कुराहरू छन् ।

एक जना महिला हाम्रो ललितादेवी शाह जुन मनोज दाससँग १ लाख रुपियाँ लिएको तर वहाँले ९ लाख रुपियाँ तिरिसकेको, वहाँको श्रीमान् विदेश हुनुहुन्छ । ९ लाख तिर्दा पनि वहाँले वहाँहरूको कागजहरू फिर्ता गरेको छैन । र कागजहरू फिर्ता नगरेको कारणले श्रीमान् अहिले वहाँलाई छोडिदिएको छ र श्रीमान् विदेशमै २० वर्षदेखि काम गरिरहेको छ । वहाँ आउन पनि चाहँदैन । श्रीमतीसँग कुरा पनि गर्न चाहेको छैन । त्यस्तो दर्दनाक अवस्था छ । जस्तैः सिराहको एक जना हाम्रो सूर्यनयन मुखिया हुनुहुन्छ । वहाँले पटक पटक गरी ७५ लाख रुपियाँ लिनुभए थियो । तर १५ लाखमा वहाँले दिँदाखेरि वहाँले १ करोडसम्म तिरिसक्नुभा'को छ । तर पनि वहाँको कागज फिर्ता गरेको छैन । यस्ता धेरै मान्छेहरूको विडम्बना छन् ।

सर्वप्रथम त मिटरब्याजी आन्दोलन सर्लाहीबाट नै सुरुआत गरिएको थियो । सर्लाहीबाट सुरुआत गर्दाखेरि हाम्रा डाचाराज वाग्ले र कमल बुढाथोकी दुई जनाको नेतृत्व भएको थियो । त्यो नेतृत्वमा नेतृत्व हुँदाखेरि प्रतिगमनको विरोध थियो । त्यति बेला प्रतिगमन पनि भएको थियो देशमा र प्रतिगमनको विरुद्धको आन्दोलन पनि चलेको थियो । त्यो आन्दोलनमा डाचाराज वाग्लेजी वरथवाबाट घर फर्कने क्रममा वहाँको षडयन्त्रपूर्ण एक्सिडेन्ट भयो र वहाँ मृत्यु हुनुभयो । त्यो मृत्युको कारण अहिलेसम्म पनि पत्ता लाग्न सकेको छैन । वहाँको परिवारहरू छट्पटाइरहेको छ । पटक पटक जिल्ला अदालत, उच्च अदालत, सर्वोच्चसम्म आए । तर पनि हामीले न्याय दिन सकेनौं । प्रतिगमन त हामी सुधार भयो तर वहाँको परिवारलाई हामीले न्याय दिन सकेनौं र हाम्रा सर्लाही जिल्लामा त्यति बेला श्याम पर्देशी सञ्जय शाह र रामबाबु यादव ३ जना ..... हुनुहुन्थ्यो । त्यो ३ जनामा श्याम पर्देशी त जेलमा छन् । सम्पत्ति

शुद्धीकरण मुद्दा लागेर तर सञ्जय शाह र रामबाबु अदालतबाट छुटेर अहिले पनि बाहिर बसेको छन् ।

यस्ता त अहिले जुन सप्तरीमा आएँ । जस्तैः पश्चिमको घटनाहरू जुन हाम्रा पहिला पनि आन्दोलनहरू काठमाडौंमा भयो । त्यो आन्दोलनमा लगभग ६० दिनसम्म आन्दोलनकारीहरू बस्नुभा'को थियो । गृहमन्त्रीको, उपसचिवको नेतृत्वमा एउटा टोली पनि कार्यदल बनेको थियो । तर पनि वहाँहरू पीडितहरूको इन्साफ पाउन सकेन । यो इन्साफ नपाईकन वहाँहरूले पैदल यात्रा गरेर अहिले काठमाडौंमा अनसनमा बस्नुभएको छ र अनसनमा हाम्रो यो अनसनमा त होइन वहाँहरू एउटा खुल्ला मञ्चमा बस्न खोज्या थियो तर खुल्ला मञ्चमा बस्न दिइएन । हामी बालेन शाहजीलाई राम्रो भन्थ्यौं कि राम्रो काम गर्छन् काठमाडौंमा वहाँ । तर वहाँ यो विषयमा एकदम गैरजिम्मेवारी भूमिका खेल्नुभा'को छ । एउटा पीडितहरू जुन ६ महिनाको बच्चा काखमा बोकेर आएको मान्छेलाई एउटा पानीसम्म पनि, एक बोतल पानीसम्म पनि खुवाउन नदिनु, एउटा खानासम्म व्यवस्था गर्न नदिनु र उल्टै बाहिर वहाँहरू रोडमा सुतेको अवस्था, वहाँहरू सुत्नुभएको छ, रात गुजार्नुभएको छ । र त्यसपछि त्यहाँबाट यता यो हाम्रो सिंहदरबारको पछाडि एउटा गेस्ट हाउसमा बस्नुभएको छ । केही सङ्घ, संस्थाहरूले व्यवस्था गर्दिएको कारण, वहाँहरू अहिले बसिराख्नुभा'को छ । अनि यस्ता गैरजिम्मेवारी हाम्रा काम जनप्रतिनिधिकै मतले हामी जितेका छौं । तर हम्रो नगरप्रमुख, काठमाडौंको महानगरप्रमुखले यसरी गैरजिम्मेवारी भूमिका खेल्नुहुँदैन थियो । त्यसकारणले यसलाई वहाँले अलि सुधार गरेर जानुपर्छ, उहाँ । र यो विषयमा काठमाडौंको अरू विकासहरूमा वहाँले त राम्रो काम गर्नु..... । तर यो विषयमा उहाले एकदम नराम्रो काम गरेको बुझिएको छ । त्यसकारणले यो घटनाप्रति जसको पनि, म अस्ति यो कुरा बुझ्न जाँदाखेरि चन्द्रागिरीमा मलाई आँखाबाट आँसु आ'को थियो । वहाँहरूको सानो सानो बच्चा छन् काखमा लिएर १२, ११ दिन पैदल हिँडेर आउनु सानो कुरो होइन काठमाडौंमा । अहिले यात्राको सुविधा छ । तर पनि उहाँहरू पैदल हिँडेर आउनुभो' । अनि यति हिँडेर आउँदा पनि हामीले जनप्रतिनिधिले उहाँलाई त व्यवस्था गर्नुपर्छ । तर हाम्रै जनप्रतिनिधिहरूले व्यवस्था नगर्नु यो गैरजिम्मेवारीको कुरा हो । यसलाई म सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु । म स्वयम् पनि एउटा टोली गृह सचिवज्यूसँग भेटेर भनेको कि त्यहाँ जुन सप्तरीका मनोज दासले अहिले ललितदेवीमाथि अन्याय गर्यो अरू उहाँहरूजस्तो पीडितहरूलाई अन्याय गर्यो त्यसलाई तुरुन्त कारबाही गर्नको लागि म वहाँहरूसँग माग गर्याथ्यो गृह सचिवसँग र एउटा फेरि टोली पनि गठन हुँदै छन् । सरकारले यसमा चासो दिओस् र छिटोभन्दा छिटो वर्ता गरेर र ऐन, कानुन बनाएर यो समस्या समाधान होस् भन्ने म आशा र विश्वास गरेको छु ।

अहिले हाम्रा इस्लाम धर्मवलम्वीहरूको रमजानको पर्व चलिरहेको छ र रमजानको पर्वमा सम्पूर्ण मुस्लिम समुदायलाई सलाम वालेकुम र मुबारक बात दिन चाहन्छु । वहाँहरूको पनि माग के हो भने मदरसालाई सरकारीकरण हुनुपर्छ । मदरसा स्कुललाई हाम्रो सरकारीकरणजस्तै व्यवस्था हुनुपर्यो र सरकारी टिचर त्यसमा जाओस् । र वहाँहरूको मुस्लिमको लागि पनि निजामती कर्मचारीहरू समावेशीको एउटा सुरुवात होस् र समावशीको वहाँहरूको छैन भन्ने वहाँहरूको महसुस भइरहेको छ । त्यसलाई पनि हामीले सम्बोधन गर्नुपर्छ । र सबै राजनीतिक दलहरू यसमा हामी गम्भीर हुन जरुरी छन् ।

अस्ति म सर्वप्रथम त राष्ट्रिय सभाको अध्यक्षज्यूलाई धन्यवाद दिन चाहन्छु । र सम्पूर्ण माननीयज्यू र राजनीतिक दलका हाम्रा नेता र संघीय संसदका हाम्रा कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु कि राष्ट्रिय सभाबाट दलितको सङ्कल्पको प्रस्ताव अस्ति पारित गर्नुभो' । र यो पारित हाम्रो सबैजनाको भूमिका छन् । तर मलाई मनमा लागेको के हो भने यो एउटा कुरा अलिकति हाम्रा केही माननीयज्यूहरूले के कुरा राख्नुभो' भने, त्यो पनि जिम्मेवार म यो विषय दोहोर्याउने थिएनँ । तर जिम्मेवार नेताजीले के कुरा राख्नुभो' भने संविधानमा दलित शब्द राख्न नहुने थियो रे । तर के म यो भन्न चाहन्छु कि दलित शब्द संविधानमा राखेकोले अपमान भा'को छ? यो हामी सबै माननीयज्यूहरूले यो, यससँग कति सहमत छौं त? र कति यो हामीले अनुभव गरेका छौं कि शब्दैले हामी अपमानित भा'को छौं? के हामीले संविधानमा दिएका व्यवस्थाहरू, लेखेका मौलिक हकका व्यवस्थाहरू हामीले पालन गर्न सकेका छौं? यो सम्पूर्ण राजनीतिक दलको जिम्मेवारी हो । जस्तैः धारा ४० को उपधारा (१) मा लेखेको छ राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक व्यवस्था गरिने छ । सार्वजनिक सेवालगायत रोजगारी अन्य क्षेत्रमा दलित समुदायले सशक्तीकरण प्रतिनिधित्व र सहभागितालाई कानुनबमोजिम विशेष व्यवस्था गरिने छ । कानुनबमोजिम के हामीले ऐन बनाउन सक्या छौं? अहिलेसम्म हामीले ऐन बनाएर दियौं? सात वर्ष भइसक्यो तर ऐन बनाउन सकेन । अनि यो हामीले लेखेका कुरा दिन नसक्ने तर हामीले के भन्ने भने कि यो संविधानमा लेखेको लागि तपाईंहरू अपमानित हुनुहुन्छ । तपाईंहरूलाई हामीले धेरै कुरा दिइसक्या छु ।

म एउटा राष्ट्रिय सभामा सबै माननीयज्यूहरूलाई भन्न के चाहन्छु भने आग्रह पनि गर्न चाहन्छु । राजनीतिक दलका जिम्मेवार नेताहरू हुनुहुन्छ । हाम्रो राष्ट्रिय सभामा चार समिति छन् । चार समितिमा समितिका अध्यक्षहरू कुन कुन जातको छन् त? र कुन कुन वर्गको छन् त? यो मलाई भन्नुस् त तपाईंहरू आत्मसात् गरेर । अनि हामी फेरि यो अहिले पनि मन्त्रीमण्डल बन्यो भने मन्त्रीमण्डलमा कतिवटा दलित मन्त्री बनाउन सक्छौं त? र योभन्दा अहिले सातवटा

प्रदेश छन् । सातवटा प्रदेशमा कतिवटा मुख्यमन्त्री हामीले दिएको छौं त? र कतिवटा दलित मन्त्री दिएको छौं त? हामीले संविधानमा लेखेका व्यवस्था पनि नदिन सक्ने तर भन्ने के तपाईंहरूलाई लेखेकै भएर तपाईंहरू त अपमानित भइराख्नुभ'को छ । यो पनि गैरजिम्मेवारी तरिकाले हाउसमा बोल्नु कतिको जाहेज हो त? माननीय सदस्यहरू, त्यसकारणले (एक मिनेट समय पाउँ अध्यक्षज्यू ।) त्यसकारणले हामीले विभेदीकरण हामीले राजनीतिकमा पनि छौं । सामाजिकमा मात्रै हामीले विभेदीकरण भोगेका छैनौं । हामी तपाईंहरूलाई राजनीतिक दलका र माननीय सदस्यहरूलाई धेरै धेरै धन्यवाद ।

अरू थप विषयमा के दिन चाहन्छु भने अस्ति सिराहाको घटना । सबैजनाले, तपाईंहरूले सहयोग गर्नुभो' । मानव अधिकार आयोगले, दलित आयोगले र सम्पूर्ण माननीय सहयोग कर्ता बल्ल हिजो अस्ति मुद्दा दर्ता भा'को छ र त्यो दर्ताले एउटा देशमा एउटा राम्रो सङ्केत गा'को छ कि होइन सांसदहरूले भूमिका खेलेको राम्रो हो । र संविधानमा लेखेको विषयमा वहाँहरू बोल्नुहुन्छ र कार्यान्वयन पक्षमा पनि सरकार जान्छ भन्ने लागेको छ । त्यसकारण हामी यसमा सम्पूर्ण समुदाय गरौवान्वित भएका छौं गौरव महसुस गरेका छौं ।

र अबका दिनमा पनि जस्तैः काठमाडौंमा पनि हिजो अस्ति घटना घट्यो । जुन बाजा बजायो तर खाना एक ठाउँमा खान दिएन । हामी त एउटा के महसुस गर्‍या छौं भने सामाजिक अवस्थामा, राजनीतिक र सामाजिक दुइटैमा कि हामी कुकुरलाई घरभित्र पसाउने । तर हामीलाई पस्नबाट पनि बञ्चित गर्ने । हाम्रो कस्तो छ सिद्धान्त भने हामी गाई तिहार मनाउने, कुकुर तिहार मनाउने, कागको पुजा गर्ने तर मान्छेलाई आएपछि मान्छेलाई त्यो मानवताको दर्जा पनि नदिने । अनि कागजहरूमा हामी लेख्ने तर त्यसलाई पालन पनि नगर्ने । यो सिद्धान्तबाट हामी गुज्रिरहेका छौं । त्यसैकारणले हामी सम्पूर्ण राजनीतिक दलहरू, सम्पूर्ण समाजसेवीहरू यो विषयमा गम्भीर हुन जरुरी छ । र गम्भीर भएर हामी सोचौं र चिन्तन गरौं, मनन गरौं । र हामी आगामी दिनमा हाम्रा यी घटनाहरू नदोहोरियोस् । र तपाईंहरूले पनि आफ्ना पार्टीका जिम्मेवार नेताहरूले पार्टी कार्यकर्ताले गल्ती गर्छ भने पार्टीमा कारबाही गर्नुपर्छ । धन्यवाद ।

**(१२:३७ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई थारू आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७८/०७९, राष्ट्रिय समावेशी आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७८/०७९,

राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७८/०७९ र आदिवासी जनजाति आयोगको तेस्रो वार्षिक प्रतिवेदन, २०७८/०७९ सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१२:३८ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले थारू आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७८/०७९, राष्ट्रिय समावेशी आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७८/०७९, राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७८/०७९ र आदिवासी जनजाति आयोगको तेस्रो वार्षिक प्रतिवेदन, २०७८/०७९ सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१२:३८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय डाक्टर बेदुराम भुसाललाई "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१२:३९ बजे) **मानननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१२:३९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म राष्ट्रिय मर्यादासम्बन्धी विधेयक,२०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने  माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल चैत २१ गते मङ्गलवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल चैत २१ गते मङ्गलवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १२:४० बजे ।**